# सर्भेक्षणको परिचय

## *१. पृष्ठभूमि*

समाजमा अति महत्व राख्ने घटनाहरु जस्तैः जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाई सराइ आदि दिन दिनै घटिरहेका हुन्छन । यी घटनाहरुलाई व्यक्तिगत घटना भनिन्छ । सामाजिक, आर्थिक, सांस्कृतिकरुपमा प्रभाव पारिरहने यस्ता किसिमका घटनाहरुलाई नियमितरुपमा दर्ता गरी त्यसको अध्ययन तथा विश्लेषण गरी संप्रेषण गर्ने पद्धतीलाई व्यक्तिगत घटना दर्ता प्रणाली (Vital Registration System) भनिन्छ । यो प्रणाली जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाई सराइ आदि घटनाहरु दर्ता गर्ने निरन्तर प्रणाली हो ।

नेपालमा जन्म, मृत्यु दर्ता प्रणालीलाई व्यवस्थितरुपले सञ्चालन गर्नको लागि सर्वप्रथम “जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३” र “जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना नियमावली, २०३४” लागू भई २०३४ सालदेखि १० जिल्लाबाट यो कार्यक्रम शुरु भएको थियो । त्यसको १३ वर्षपछि २०४७ बाट देशका ७५ वटै जिल्लाहरुमा यो कार्यक्रम शुरु भएको थियो ।

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को कार्यान्वयन भई तत्कालिन गृह पञ्चायत मन्त्रालय अन्तर्गत विभास्तरको छुट्टै कार्यालयकोरुपमा पञ्जिकाधिकारी (रजिष्ट्रार) को कार्यालयको संस्थागत व्यवस्था गरी पञ्जिकरणसम्बन्धी कामको नेपालमा विधिवत शुरुआत भएको हो । हाल आएर जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाई सराइ जस्ता व्यक्तिगत घटनाहरुको दर्ता व्यवस्थापन एवं नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन व्यवस्थापन गर्न नेपाल सरकारको निर्णयानुसार २०७१ साल चैत्र ११ गते बाट केन्द्रीय पञ्जिकरण विभाग सञ्चालन भएको छ ।

नेपालमा व्यक्तिगत घटना दर्ता गर्ने क्रम दिनानुदिन बढ्दै गएको छ । यस सर्भेक्षणबाट विद्यमान घटना दर्ता प्रणालीको अवस्था कस्तो रहेको छ जान्न खोजिएको हो । हालसम्म यस किसिमको सर्भेक्षण नभएकोले सूचनाको आवश्यकतालाई मध्यनजर गरी नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभागले यस आर्थिक बर्ष व्यक्तिगत घटना दर्ताको राष्ट्रिय प्रतिनिधिमूलक सर्भेक्षण सञ्चालन गर्दैछ । सर्भेक्षणबाट प्राप्त तथ्याङ्कहरु यस घटना दर्ता प्रणालीको विकासका लागि आवश्यक नीति निर्माण तथा योजना तर्जुमा र अनुगमन एवं मूल्यांकन गर्न उपयोगी हुनाका साथै अनुसन्धानकर्ता, व्यवसायी, विद्यार्थी र यस क्षेत्रमा चासो राख्ने अन्य सबै सरोकारवाला व्यक्तिहरुलाई पनि महत्वपूर्ण हुने विश्वास विभागले लिएको छ ।

केन्द्रीय तथ्याङ्क विभागले पहिलो पटक पेपर प्रश्नावलीको सट्टा ट्यावलेट प्रयोग गरी यो सर्भेक्षण सञ्चालन गर्न गईरहेको छ । सर्भेक्षणको फिल्ड कार्यमा आवश्यक प्राविधिक एवं सैद्धान्तिक विषयहरुलाई स्पष्ट पारी सहजतापूर्वक गणना कार्य सम्पन्न गर्ने उद्देश्यले यो निर्देशिका तयार गरिएको छ । यो निर्देशिका गुणस्तरीय तथ्याङ्क संकलन कार्य गर्ने गराउने कार्यमा एकरूपता कायम गर्न, संलग्न कर्मचारी तथा बिश्लेषणकर्ता सबैका लागि सहयोगी हुने अपेक्षा गरिएको छ ।

## *२. उद्देश्य*

बुँदागत रूपमा भन्नुपर्दा यो सर्वेक्षणका उद्देश्यहरू देहायअनुसार रहेका छन् ।

- जन्म, मृत्यु, बसाई सराई, सम्बन्ध विच्छेद, धर्मपुत्र/धर्मपुत्री वरण दर्ताको विद्यमान अवस्था अनुमान गर्ने
- विगत तीन वर्षमा व्यक्तिगत घटना दर्ताको स्थिति बढ्दो वा घट्दो कस्तो क्रममा रहेको छ अनुमान गर्ने
- जन्म, मृत्यु, बसाई सराई, सम्बन्ध विच्छेद, धर्मपुत्र/धर्मपुत्री वरण दर्ता गर्नु/नगर्नुको कारण अनुमान गर्ने
- तथ्यमा आधारित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न योजनाविद्, नीति निर्माणकर्ता, प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी तथा सरोकारवालाहरूलाई व्यक्तिगत घटना दर्तासम्बन्धी तथ्याङ्क उपलब्ध गराउने ।

## ३ अध्ययनको दायरा तथा क्षेत्र

व्यक्तिगत घटना दर्ताको राष्ट्रिय प्रतिनिधिमूलक सर्भेक्षणमा दुई किसिमका प्रश्नावलीहरु (१) घर परिवार प्रश्नावली तथा (२) सेवा प्रदायक प्रश्नावली प्रयोग गरिनेछन् ।

घर परिवार प्रश्नावलीमा व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, मृत्यु, बसाई सराई, सम्बन्ध विच्छेद, धर्मपुत्र/धर्मपुत्री वरणको दर्तासम्बन्धी विवरणहरु जस्तैः शिशुको लिङ्ग, शारिरिक अपाङ्गता, विवाहको किसिम, शैक्षिक स्थिति, वैवाहिक स्थिति, बसाई सराईको कारण, सम्बन्ध विच्छेदको कारण, धर्मपुत्र/धर्मपुत्री वरण गर्नुको कारण, कानुनीरुपमा प्रमाणित गरे/नगरेको, घटनापश्चात दर्ता गरेको अवधि, दर्ता गर्ने सूचक, दर्ता गरेका/नगरेको कारण, दर्ता गर्ने सोच आदि समेटिएको छ । भने सेवा प्रदायक प्रश्नवलीमा घटना दर्ता गर्ने निकायको विद्यमान अवस्था, प्रभावकारी बनाउन चाल्नु पर्ने कदमहरु साथै कार्यरत पञ्जिकाधिकारीको लिङ्ग, उमेर, शैक्षिक स्थिति, तालिम, पद तथा कार्य गरेको अवधि आदि समेटिएको छ ।

नेपालभरीमा छनौटमा परेका जिल्लाहरुमा यो सर्भेक्षण सञ्चालन गरिनेछ । यस सर्भेक्षणका लागि घर परिवार प्रश्नावलीमार्फत तथ्यांक संकलन गर्न देशभरबाट १६०० वटा गणना क्षेत्र छनौट गरिएको छ । यी छनौट गरिएका प्रत्येक गणना क्षेत्रबाट ५० वटा घर परिवार लगतसूची तयार गरी व्यक्तिगत घटना दर्तासम्बन्धी विवरणहरु ट्याबलेटमा भरिन्छ । साथै, सेवा प्रदायक प्रश्नावलीमार्फत १६०० गणना क्षेत्रमा अवस्थित ४०० वटा पञ्जिकाधिकारीको कार्यालयमा गई उक्त कार्यालयमा कार्यरत पञ्जिकरण कार्यमा संलग्न कमचारीसंग सोधी विवरणहरु संकलन गरिन्छ ।

## *४. सन्दर्भ अवधि*

***सन्दर्भ अवधि भन्नाले २०७० बैशाख १ गतेदेखि २०७२ चैत्र मसान्तसम्मको अवधिलाई जनाउँदछ ।***

## *५. गोपनीयताको प्रत्याभूति*

सर्वेक्षणमा सोधिएका व्यक्तिगत विवरणहरु तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहनेछन् र यी विवरणहरु तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछन् । तथ्याङ्क संकलकले सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ ।

## *६. तथ्याङ्क सङ्कलन गर्ने तरिका*

व्यक्तिगत घटना दर्ताको राष्ट्रिय प्रतिनिधिमूलक सर्भेक्षणमा सामाजिक परिचालक/गणकले गणना गरिने प्रत्येक परिवारको घर-दैलोमा पुगी परिवारमूली वा सम्पूर्ण प्रश्नको जवाफ दिन सक्ने परिवारको सदस्यसँग अन्तर्वार्ता लिएर ट्यावलेटमा भर्नुपर्छ ।

# गणकले विवरण संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरू

घर परिवार प्रश्नावली र सेवा प्रदायक प्रश्नावलीमा विवरण संकलन गर्दा प्रत्यक्ष अन्तर्वार्ताको आधारमा संकलन गरिन्छ । गणकले प्रश्न गरेको आधारमा परिवारमूली वा उत्तरदाताले जवाफ दिने गर्दछन् । त्यसैले तथ्याङ्क संकलन गर्न जाँदा गणकहरूले आफ्नो स्वभाव, भेषभूषा, आनीबानी, अरु व्यक्तिसँग गर्ने व्यवहारमा ध्यान दिनु आवश्यक छ । साधारणतया गणकहरूले जनगणनाका विवरणहरू संकलन गर्न जाँदा निम्न कुरामा ध्यान दिनुपर्दछ ।

**(क) आफ्नो परिचय र उद्देश्य**

परिवारमा गई नमस्कार (अभिवादन) गर्नुपर्दछ । माथि उल्लेख गरिएअनुसार गणकले आफ्नो परिचय जहिले पनि आफैले दिनुपर्छ । आवश्यक परे सरल र छोटो गरी सर्भेक्षणको उद्देश्य भन्नुपर्दछ । यथासम्भव परिवारको मूली (मुख्य व्यक्ति) वा उत्तर दिनसक्ने परिवारका अन्य सदस्यसित विवरणहरू भर्न केही समय दिनुहोस् भनी अन्तरवार्ता शुरु गर्नुपर्दछ ।

**(ख) नम्रता र धैर्यता**

विभिन्न परिवारमा विभिन्न स्वभावका मानिसहरू भेटिन सक्छन् । जुनसुकै अवस्थामा पनि गणकले गणना गर्नुपर्ने घरपरिवारका व्यक्तिहरूसँग आत्मीय, नम्र तथा हँसिलो व्यवहार गर्नुपर्दछ । अन्तरवार्ता लिंदा उत्तरदातालाई शान्त र सामान्य स्थितिमा राखी संयमपूर्वक विवरण लिनुपर्दछ ।

**(ग) व्यक्तित्व तथा सरसफाई**

व्यक्तिगत सरसफाईमा सवैले ध्यान पुऱ्याउनु निश्चय नै राम्रो हो । गणकहरू कुनै परिवारमा गणना गर्न जाँदा योग्य गणकको रूपमा प्रस्तुत हुनुपर्दछ । यसको लागि गणकले आफ्नो व्यक्तित्व तथा सरसफाईमा ध्यान दिनु आवश्यक छ ।

**(घ) प्रश्न गर्ने तरिका तथा निष्पक्षता**

प्रश्नावलीमा उल्लेख भएअनुसार एक एक गरी क्रमशः सबै प्रश्न सोध्नुपर्दछ र उत्तरदाताले दिएको जवाफ लेख्नुपर्दछ । कुनै प्रश्न सोध्दा उत्तरदाताले प्रश्न बुझ्केको छ, छैन र प्रश्न बुझी उत्तर दिएको छ, छैन गणकले मनन् गर्नुपर्दछ । प्रश्नअनुसार उत्तर प्राप्त नभएको लागेमा प्रश्नको मनसायअनुसार पूरक प्रश्न गरी प्रश्न बुझाई सही र तथ्य उत्तर लेख्नुपर्छ । कुनै प्रश्नको उत्तर गणकले आफै अनुमान गरी वा स्वविवेकमा लेख्न हुदैन ।

**(ङ) स्पष्ट प्रश्न गर्ने**

प्रश्न सोध्दा पूर्वानुमान तथा अलमल हुने किसिमले र आफैले अडकल गरी प्रश्न (Leading Question) गर्नु हुँदैन । जस्तैः "के तपाईं परिवारमूली हुनुहुन्छ ?" को सट्टा "परिवारमूली को हुनुहुन्छ ?" भनी सोध्नुपर्छ

**(च) कुरा नकाट्ने**

उत्तरदाताले उत्तर दिंदा अति नै आवश्यक भएमा बाहेक बीचमा कुरा काट्नु हुँदैन ।

**(छ) सिलसिलाबद्ध प्रश्न गर्ने**

परिवारको वा व्यक्तिगत लगत लिंदा, प्रश्नावलीमा लेखिएअनुसार प्रश्नहरू सिलसिलावद्धरूपमा सोधी सोहीअनुसार उत्तर पनि नछुटाइकन अनिवार्य लेख्नुपर्दछ । पछि उत्तर भरौंला वा लेखौंला भनेर पनि छाड्नु हुँदैन, साथै परिवारमूलीले जवाफ नदिँदै आफ्नो विचारले प्रश्नको जवाफ पनि लेख्नु हुँदैन ।

**(ज) प्रश्नावलीअनुसार नै प्रश्न गर्ने**

गणकले परिवारमूली वा उत्तरदातासँग प्रश्न गर्दा लगतमा जे लेखिएको छ, सोही अक्षरशः पढेर प्रश्न गर्नुपर्छ । तर प्रश्नावलीमा सम्बोधन गर्ने शब्द "तपाईंको", "यहाँको", "वहाँको" आदि नभए तापनि यी शब्दहरू थपेर प्रश्न गर्दा अझ प्रभावकारी हुनजान्छ । उदाहरणको लागि :- "तपाईको नाम के हो ?" "रामको धर्म कुन हो?", "श्यामको मातृभाषा कुन हो ?" आदि । यसो भनेर प्रश्न गर्दा उत्तरदाताले प्रश्नलाई राम्रोसँग बुझ्न र उत्तर दिन सक्तछन् । प्रश्न नबुझे साधारण बोलीचालीको भाषामा सोध्नुपर्दछ ।

**(झ) असामान्य/विशेष अवस्थामा विवरण संकलन**

कुनै घरपरिवार विशेष सामाजिक तथा सांस्कृतिक जमघट जस्तैः विवाह, ब्रतबन्ध, पूजापाठ आदि तथा असामान्य परिस्थिति जस्तैः मृत्यु, दुर्घटना, दैवीप्रकोप जस्ता अवस्थामा रहेको भए समय मिलाएर मात्र गणना गर्न जानुपर्दछ ।

**(ञ) कार्य समाप्त भएपछि धन्यवाद दिने**


सवै प्रश्नहरू सोधी उत्तर प्राप्त भएपछि तत्काल नै फाराम रुजु गर्नुपर्छ । कुनै विवरणहरु भर्न छुटपुट भएको भए तत्कालै सोधी विवरणहरू लेख्नुपर्दछ । अन्तर्वार्ता सकेपछि उत्तरदातालाई सहयोग गरेवापत धन्यवाद दिनुपर्दछ ।

# घर परिवार प्रश्नावली


यस व्यक्तिगत घटना दर्ताको राष्ट्रिय प्रतिनिधिमूलक सर्भेक्षणमा तथ्यांक संकलन गर्नको लागि दुई प्रकारका प्रश्नावलीहरु क्रमशः घर परिवार प्रश्नावली तथा सेवा प्रदायक प्रश्नावली प्रयोग गरिएका छन् । घर परिवार प्रश्नावलीमा जन्म, विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध विच्छेद तथा धर्मपुत्र/धर्मपुत्री दर्तासंग सम्बन्धित शिशुको लिङ्ग, शारिरिक अपाङ्गता, विवाहको किसिम, शैक्षिक स्थिति, वैवाहिक स्थिति, बसाई सराईको कारण, सम्बन्ध विच्छेदको कारण, धर्मपुत्र/धर्मपुत्री वरण गर्नुको कारण, कानुनीरुपमा प्रमाणित गरे/नगरेको, घटनापश्चात दर्ता गरेको अवधि, दर्ता गर्ने सूचक, दर्ता गरेका/नगरेको कारण, दर्ता गर्ने सोच आदि विवरणहरु केन्द्रीय तथ्यांक विभागबाट छनौट गरिएको गणना क्षेत्रमा रहेका परिवारहरुमा गई ट्यावलेटको सहायता लिई संकलन गरिन्छ ।

# १. परिचयात्मक विवरण


व्यक्तिगत घटना दर्ताको राष्ट्रिय प्रतिनिधिमूलक सर्भेक्षणमा तथ्यांक संकलन गर्नको लागि गणकले अन्तरवार्ता शुरु गर्दा सर्वप्रथम ट्यावलेटमा रहेको CSEntry Icon मा टच गर्नुपर्छ । त्यसपछि तलको Screen आउँछ । त्यसमा Data Entry, Synchronze र Exit ३ वटा छनौट गर्न सक्ने Radio button आउँछ । Data Entry शुरु गर्नका लागि Data Entry को Radio button मा select गरी Swipe गर्नु पर्दछ ।





Data Entry को Radio button मा select गरी Swipe गरिसकेपछि तलको Menu आउँछ । PSU नम्वर Entry गर्दा जुन PSU (Primary Sample unit) मा सर्भेक्षण गर्न लागिएको हो सोही PSU नम्वर Entry गर्नु पर्दछ । यहाँ PSU Number Entry गर्दा एकदमै ध्यान दिनु पर्दछ अन्यथा सर्भेक्षण गर्न लागिएको स्थान अन्य स्थानमा पर्नजानेछ ।




PSU Number Entry गरिसकेपछि त्यो Entry गरिएको PSU Correct भयो कि भएन भनी Message आउँछ यदि ठीक भएमा Correct छान्ने अन्यथा Not Correct छान्ने यदि Not correct छानेमा PSU नम्वर सच्याइ फेरी Enter थिच्ने ।




यदि Correct छानेमा फेरि अर्को Message देखापर्दछ । त्यसका Are you want to proceed ? भनी सोध्नेछ यसमा Yes छान्ने ।




Yes छानिएपछि तल देखाए जस्तै पियसयु Entry गर्ने Scren Display हुन्छ । त्यसमा यो भन्दा पहिला Entry गरिएको PSU नै Entry गर्नु पर्दछ । अन्य PSU Number Entry मा लिदैन ।




पियसयु मिलेमा त्यो पियसयुसँग सम्बन्धित जिल्ला, गा.वि.स./नगरपालिका, वडा नम्वर र वडा खण्ड पनि आफै Display हुन्छ । यसबाट पनि आफूले सर्भेक्षण गर्न लागेको भौगोलिक विवरण मिले नमिलेको एकिन गर्न सकिन्छ । यो भन्दा पहिला Entry गरिएको PSU नै Entry गर्नु पर्दछ ।

**१.१ जिल्ला**

यो महलमा सम्वन्धित जिल्लाको नाम र कोड आफै Display हुन्छ ।

**१.२ गा.वि.स./नगरपालिका**

यो महलमा सम्वन्धित गा.वि.स./नगरपालिकाको नाम आफै Display हुन्छ ।

**१.३ वडा नम्वर**

यो महलमा सम्वन्धित गा.वि.स./नगरपालिकाको वडा नम्वर आफै Display हुन्छ ।

**१.४ वडा खण्ड**


यो महलमा सम्वन्धित वडाको वडा खण्ड आफै Display हुन्छ ।

***घरको अवधारणा***

घर भन्नाले सामान्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर मानिस बस्नकालागि प्रयोग गरिएको एक वा एकभन्दा बढी कोठा वा तला भएको बासस्थानलाई बुझाउँछ। घर विभिन्न आकार, प्रकार वा किसिमका हुनसक्दछन्। सबै घरमा चारैतर्फ गारो/टाटी नहुनसक्छ। कुनै घर दुईतिर अरू घरको आडमा वा पहराको आड लिएर पनि बनाइएका हुन्छन्। कुनै अवस्थामा बीचमा गारोले बारेर पनि दुई घर बनाइएको हुन्छ। घरमा आवतजावत गर्नका लागि छुट्टै मूलढोका हुन्छ। गणनाको प्रयोजनका लागि परिवार बसोबास गरेका यी सबै किसिमका बासस्थान - झुप्रो, घर, भवन, महल, फ्ल्याट समेतलाई घर भन्ने बुझाउँछ। घरको स्वामित्व आफ्नै वा अरूको हुनसक्दछ। परिवारले बसोबासका लागि एकभन्दा बढी घरहरू प्रयोग गरेका भए आवासको दृष्टिले मुख्य मानिएको घरको विवरण लेख्नुपर्दछ। कुनै परिवार गणनाको समयमा डेरा गरी बसेका छन् र आफ्नो घर अरू कसैलाई भाडा/बहालमा दिएको छ वा घर खाली नै भए पनि गणनाको समयमा जहाँ बसेका छन्, त्यहींको घर वा डेराको विवरण लेख्नुपर्छ।


## १.५ घर क्रम संख्या

घर क्रमसंख्या गणना क्षेत्रमा भएका घरको क्रम संख्या हो। सामाजिक परिचालक/गणकले घर क्रम संख्या लेख्दा क्रमसंख्या ०१ बाट शुरु गर्नुपर्दछ। यो कोष्ठमा ०१ देखि बढीमा ५० सम्म घर क्रमसंख्या नम्बर Entry गर्नु पर्दछ।




## १.६ परिवार (Household) को अवधारणा

सामान्यतया एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपीन गरी बसेका व्यक्ति वा व्यक्तिहरूको समूहलाई परिवार बुझाउँछ। परिवारमा एक व्यक्ति मात्र वा धेरै व्यक्तिहरू, नाता पर्ने वा नपर्ने हुन सक्दछन्। परिवार र परिवारका सदस्य छुट्याउन आम्दानी-खर्च र भान्साको अवधारणा प्रमुख रहेको छ। त्यसैगरी कानूनी तवरले भिन्न भईनसकेको भए तापनि व्यावहारिकरुपमा भिन्दै वा छुट्टै बसी वा भिन्दै भान्सामा खानपीन गरी आएका व्यक्ति वा व्यक्तिहरूको समूह, जो फर्कि आँउदा यस परिवारको सदस्य हुन सक्दैनन्, लाई यस गणना प्रयोजनका लागि बेग्लै वा छुट्टै परिवार मानिएकोछ।




### परिवार क्रम संख्या


यो संख्या घरमा बसोबास गर्ने परिवारहरुको क्रम संख्या हो। एउटै घरमा एक वा एक भन्दा वढी परिवार हुन सक्छन्। सामाजिक परिचालक/गणकले घरमा परिवार क्रम संख्या लेख्दा क्रम संख्या ०१ बाट शुरु गर्नुपर्दछ। यो कोष्ठमा ०१ देखि बढीमा ५० सम्म सिलसिलेवार नम्बर Entry गर्नु पर्दछ। र यो नम्बर घर क्रमसंख्या भन्दा बढी वा बराबर हुन्छ।

***परिवारमूलीको अवधारणा:***

*परिवारमूली भन्नाले परिवारमा परिआएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने मुख्य व्यक्ति भन्ने बुझिन्छ। परिवारको मूली (सामान्यतया परिवारमा उपस्थित रहने) स्त्री वा पुरुष हुनसक्दछन्। तर १० वर्ष उमेर नपुगेका केटा वा केटी परिवारमूली हुनसक्दैनन्। कतिपय समाजमा परिवारका सबैभन्दा जेठो वा जेठी वा परिवारका सदस्यले आदर गर्ने व्यक्तिलाई परिवारको मूली लेखाउने गरेको पाइन्छ। यो चलनअनुसार धेरैजसो उत्तरदाताले परिवारका बुढा-पाकालाई नै मूली लेखाउने गरेको हुनसक्दछ। यस्तो प्रचलनलाई ध्यानमा राखी माथि परिभाषा गरिएअनुसार परिआएको दैनिक कामकाज, खर्च र व्यवहार चलाउने मुख्य व्यक्ति को हो बुझी त्यस्तो व्यक्तिलाई परिवारमूली मानी लेख्नुपर्दछ।*


### १.७ परिवारमूलीको नाम थर

गणना गर्न लागेको परिवारको परिवारमूली को हो छुट्याई निजको पुरा नाम, थर लेख्नुपर्दछ।





### १.८ संचार सम्पर्क नम्वर


सम्वन्धित परिवारसंग सम्पर्क गर्न सकिने टेलिफोन अथवा मोवाइल नम्वर यस महलमा Entry गर्नुपर्दछ।





सम्पर्क नम्बर Entry गरिसकेपछि त्यो परिवारमा विगत ३ साल (२०७० साल बैशाख १ देखि २०७२ साल चैत्र मसान्त) मा कुनै व्यक्तिगत घटना घटेको भए थियो छान्ने नभए थिएन छान्ने। यदि थिएन भन्ने छानेमा अर्थात त्यो परिवार कुनै पनि व्यक्तिगत घटना नघटेको भए त्यो परिवारसँग अन्तरवार्ता टुंग्याउनु





पर्दछ। त्यसको लागि त्यस भन्दा पछि आउने Screen मा Accept this case ? मा Yes छान्ने।





यदि त्यो परिवारमा कुनै व्यक्तिगत घटना घटेको भए थियो भन्ने छानिएपछि क्रमशः जन्म, विवाह, मृत्यु,






वसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र/धर्मपुत्री बरण सम्बन्धी ६ वटा Screen Display हुन्छन् र तिनीहरु सम्बन्धित व्यक्तिगत घटना घटेको थियो भने थियो र थिएन भने थिएन भन्ने Option छान्नुपर्दछ । जस्तै सर्भेक्षण गर्न लागेको परिवारमा विगत ३ बर्षमा कुनै शिशुको जन्म भएको भए शिशुको जन्म भएको थियो भन्ने Screen मा थियो भन्ने Option छान्नुपर्दछ । त्यसै गरी क्रमशः विवाह, मृत्यु, बसाईसराई, सम्बन्ध विच्छेद भएको नभएको र धर्मपुत्र/धर्ममुत्री बरण गरे नगरेको Screen Display हुन्छन् त्यहाँ पनि थियो भने थियो र थिएन भने थिएन भन्ने Option छान्नुपर्दछ ।











## १.९ परिवारमूलीको लिङ्ग

परिवारमूलीको प्राकृतिक लिङ्ग (Biological Sex)- पुरुष वा स्त्री के हो सोधी पुरुष पुरुष, स्त्री भए स्त्री छान्नुपर्दछ ।





## १.१० परिवारमूलीको उमेर

परिवारमूलीको उमेर भन्नाले नीजले पुरा गरेको उमेर बुझ्नु पर्दछ । उमेर भन्नाले जन्म भएदेखि हालसम्म कति वर्ष बित्यो, उक्त समयलाई जनाउँछ । समयलाई वर्ष, महिना, दिनमा जनाउने चलन छ । तर यहाँ उमेर लेख्दा व्यक्तिले पुरा गरेको वर्ष मात्र लेख्नुपर्दछ । जस्तै: हरि प्रसाद पौडेलको उमेर २३ वर्ष ११ महिना ११ दिन भए निजको उमेर लेख्दा २३ वर्ष मात्र लेख्नुपर्दछ । कतिपय उत्तरदाताले उमेरको जवाफ दिदा प्राय: अन्तिम अंक “०” अथवा “५” भएको अंकमा जवाफ दिने गरेको पनि पाइन्छ । यस्तो जवाफ वास्तविक उमेरभन्दा फरक पर्नसक्दछ । यहाँ याद गर्नुपर्ने कुरा के छ भने परिवारमूलीको उमेर १० बर्ष भन्दा कम हुनु हुँदैन ।



### १.११ परिवारमूलीको जात/जाति


नेपालमा विभिन्न जात र जातिका मानिस छन्। सामान्यतया **जात**भन्नाले हिन्दू वर्णाश्रमअन्तर्गतका विभिन्न वर्गका समूहलाई जनाउँछ। यसमा जनै लगाउने, नलगाउने र दलितभित्रका जातहरू पर्दछन् र यिनीहरूको बेग्लाबेग्लै थर र गोत्र हुन्छ। **जाति** भन्नाले आफ्नो छुट्टै मातृभाषा र संस्कार भएका जनजातिलाई जनाउँछ। उदाहरणको लागि ब्राह्मण, क्षेत्री, कामी, राजपूत, कायस्थ, मारवाडी जात हुन् र लिम्बु, तामाङ, थामी आदि जाति हुन्।




*कतिले आफ्नो जात वा जातिको सट्टा थर वा उपजाति भन्ने गर्दछन्। यस्तो भनेमा सो थर वा उपजाति कुन जात वा जातिमा पर्दछ, यकिन गरि उपयुक्त जात जाति छान्नुपर्दछ। एउटै परिवारमा विभिन्न जात वा जातिका मानिस बस्न सक्ने हुन्छन् तर यहाँ परिवारमूलीको जात वा जाति के हो सोधी परिवारमूली वा उत्तरदाताले बताएबमोजिमको उपयुक्त जात जाति छान्नुपर्दछ।*

### १.१२ परिवारमूलीको शैक्षिक स्थिति

परिवारमूलीले पुरा गरेको शैक्षिक तह भन्नाले परिवारमूलीले उत्तीर्ण गरेको शैक्षिक योग्यताको सबैभन्दा माथिल्लो तह लेख्नुपर्दछ। यदि एकै तहका विभिन्न विषयमा परीक्षा उत्तीर्ण गरेको भए रिपोर्ट गर्न चाहेको कुनै एक विषयको तह मात्र लेख्नुपर्दछ, अध्ययन गरिरहेको तह लेख्नुहुँदैन। औपचारिक शिक्षामा सबै किसिमका स्कूल, क्याम्पस (कलेज) वा विश्वविद्यालयमा अध्ययन गरी शिक्षाको कुनै तह उत्तीर्ण गरेको भए उत्तीर्णको प्रमाण-पत्र लिएको हुन्छ। स्कूल तह उत्तीर्ण गरेको भए कक्षा १ देखि १० सम्मको कुनै कक्षा अथवा एस.एल.सी. हुनसक्दछ। क्याम्पस, विश्वविद्यालय तह भए प्रमाणपत्र (Intermediate), स्नातक, स्नातकोत्तर र विद्याबारिधी (पी.एच.डी.) आदि हुनसक्दछ परिवारमूलीले कुन तह उत्तीर्ण गरेको हो सोधी, उत्तीर्ण गरेको तह छान्नुपर्दछ।




**उदाहरणको लागिः** हाल स्नातकोत्तरमा पढ्दै गरेकी सीता थापाको उत्तीर्ण गरेको तह छान्दा स्नातक तह छान्नु पर्दछ ।

### १.१३ परिवारमूलीको पेशा/काम

परिवारमूलीले मुख्य रुपमा गरेको काम वा पेशा यो महलमा छान्नुपर्दछ । पेशा वा काम छान्दा तपशिलमा उल्लेख भए अनुसारको ध्यान दिएर उपयुक्त काम वा पेशा छान्नुपर्दछ ।

**०. सशस्त्र सैनिक र प्रहरी बल**

नेपाली सेना, सशस्त्र प्रहरी, जनपद प्रहरी

**१. प्रवन्धक, कार्यकारी तथा विधायक**

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, मन्त्रीहरू, सभासद्, संवैधानिक निकायका प्रमुख तथा सदस्यहरू, राष्ट्रिय योजना आयोगका पदाधिकारीहरू, मुख्य सचिव, सचिव, राजदुत, महानिर्देशक, विश्वविद्यालयका उपकुलपति तथा क्याम्पस प्रमुखहरू, राजनैतिक दलका केन्द्रीय तथा स्थानीय समितिका पदाधिकारीहरू, सार्वजनिक तथा निजी प्रतिष्ठानका प्रबन्धकहरू, विद्यालयका प्रधानाध्यापकहरू, ट्रेड युनियनका प्रमुखहरु, आदि ।

**२. विशेषज्ञ/पेशाविद्**हरु

यस अन्तर्गत सैद्धान्तिक तथा व्यावहारिक ज्ञान दुवै भएका पेशाविद्हरू पर्दछन् । अर्थशास्त्री, अधिकृत (सरकारी तथा निजी प्रतिष्ठानका सबै), इन्जीनियर, ओभरसियर, प्राध्यापक तथा तालिम प्राप्त

शिक्षकहरू, लेखापरीक्षक, वकिल, न्यायाधीश, समाजशास्त्री, तथ्याङ्कशास्त्री, गणितशास्त्री, मानवशास्त्री, भूगोलशास्त्री, वैज्ञानिक, डाक्टर, पशु चिकित्सक, कृषिविद्, मनोविज्ञानविद, कम्प्युटर विशेषज्ञ, कविराज, फर्मासिष्ट, माथिल्लो तहका नर्स, पत्रकार, चित्रकार, गायक, संगीतकार, नृत्यकार, साहित्यकार, सिनेमाका निर्देशक, सिने कलाकार, धर्म गुरु, पुरोहित, अन्य राजनीतिकर्मी, आदि ।

**३. प्राविधिक/सहायक पेशाविद्**

यस अन्तर्गत सैद्धान्तिक ज्ञान नभएका तर प्राविधिक ज्ञान भएका पेशाविद् पर्दछन् । सरकारी तथा निजी प्रतिष्ठानका अधिकृतभन्दा तलका सहायक कर्मचारीहरू -(कार्यालय सहयोगी बाहेक) भौतिकशास्त्र, रसायनशास्त्र, भूगर्भशास्त्र जस्ता विषयका प्राविधिज्ञहरू, इन्जीनियरीङ सम्बन्धी काम गर्ने प्राविधिकहरू -(इन्जिनियर र ओभरसियर बाहेक), दूरसञ्चार, विद्युत, खनिज क्षेत्रका टेक्निसियनहरू, कम्प्युटर अपरेटरहरू, फोटोग्राफरहरू, हवाइजहाज चलाउने पाइलट, हवाइजहाजको सामान्य मर्मत गर्ने मिस्त्रीहरू, जेटी जेटीएहरू, हेल्थ असिस्टेन्ट, अहेव, स्टाफ नर्स, अ.न.मि., भेटेरिनरी सहायकहरू, टेलिभिजन रेडियोका उद्घोषकहरू, खेलाडीहरू, जग्गाका मध्यस्थकर्ताहरू, ठेकेदारहरु, धामी, झाँक्रीहरू, घरायसी सरसामानको मर्मत गर्ने मिस्त्रीहरू, आदि ।

**४. कार्यालय सहायक**

टाइपिष्ट, सेक्रेटरी, डाटा इन्ट्री अपरेटर, डाटा इडीटर, कोडर, कार्यालय सहयोगी, हुलाकी, मुन्सी, लेखनदास, सुपरभाइजर, आदि ।

**५. सेवा, हेरचाह तथा बिक्रीको काम गर्ने कामदार**

एयर होस्टेस, बसको सहयोगी, कन्डक्टर (सहचालक), टुरिस्ट गाइड, तालिम प्राप्त कुकहरू, वेटर, वेट्रेस, बच्चाको हेरचाह गर्ने धाइहरू, हजाम र श्रृंगार सम्बन्धी ब्युटिसियन, ज्योतिषी, अग्नि नियन्त्रकहरू, सेक्युरिटी गार्डहरू, पसलेहरू, आदि ।

**६. कृषि, वन तथा मत्स्यपालनमा संलग्न दक्ष कामदारहरु**

कृषक, कृषि क्षेत्रमा काम गर्ने दक्ष कामदार, नर्सरीमा काम गर्ने माली, वनपाले, रेन्जर, दाउरे, माछा मार्ने माझी, आदि ।

**७. कर्मी र व्यापारमा संलग्न कामदार**

खानीमा काम गर्ने कामदार, डकर्मी, सिकर्मी, प्लम्बर, मुद्रक, इलेक्ट्रीसियन, रंगरोगनकर्ता, सरसफाइ गर्ने मानिसहरू, बाँडाहरू, फलामको काम गर्ने मानिसहरू, ढुङ्गा/गिट्टी कुट्ने, थान्का बनाउने, घडी बनाउने, जुत्ता सिउने, कपडा सिउने, बुक बाइण्डर, डोको, नाम्लो, गुन्द्री, मान्द्रो बनाउनेहरू, आदि ।

**८. कारखाना र मेशिन संचालन एवं संयोजकहरु**

औद्योगिक प्रतिष्ठानका मेशिन चलाउने व्यक्तिहरू, इनार खन्ने व्यक्तिहरु, विभिन्न किसिमका सवारी साधन चालकहरू, आदि ।

**९. प्रारम्भिक पेशाका अदक्ष श्रमिकहरु**

सडकमा खाद्य तथा गैर खाद्य सामग्री बेच्ने घुमन्ते बिक्रेताहरू, घरेलु कामदारहरू, धोबीहरू, फोहर संकलन गर्नेहरू, रिक्सा, टाँगा तथा ठेला चालकहरू, भरिया/ढाक्रे, आदि ।

**१०. घरधन्दा**


आफ्नै घरका नानीहरूको हेरचाह, वृद्धवृद्धाको स्याहारसुसार, भात पकाउने, खुवाउने, भाँडा माझ्ने, कपडा धुने, घरका लागि किनमेल गर्ने, आदि ।

**११. विद्यार्थी**

कुनै पनि तहमा अध्ययनरत विद्यार्थीहरू ।


### १२. कुनै काम नगरेको


सन्दर्भ अवधिभित्र अक्सर कुनैपनि आर्थिक काम नगरेकाहरू ।





### १.१४ परिवारका सदस्यहरुको संख्या (अक्सर बसोबास गर्ने)

परिवारमा अक्सर बसोबास गर्ने एकीन गरी उक्त परिवारमा भएका पुरुषहरुको संख्या पुरुषको महलमा, स्त्रीको संख्या स्त्रीको महलमा तथा दुबैको जोड जम्माको महलमा लेख्नुपर्दछ ।



# २. घरको बनौटसम्वन्धी विवरण

मुख्यतया: कुनै पनि घरको बनौट त्यस घरको गारो  र छानामा प्रयोग भएका निर्माण सामग्रीहरु तथा घरको तल्ला संख्या जस्ता समष्टिगत संरचनामा भरपर्ने भएकोले यस प्रश्नमा घरको बनौट जस्तै कच्ची, पक्की, ढलान तथा मिश्रित तथा घरको तल्ला संख्या जस्ता विषयहरु समावेस गरिएको छ ।

## २.१. यस परिवारले प्रयोग गरेको घरको बनौट कस्तो छ ?

यस प्रश्नमा परिवारले मुख्य रुपमा प्रयोग गरेको घरको बनौछ कस्तो प्रकार हो सोधी तपशीलमा उल्लेख भए अनुसारको उपयुक्त Option छान्नुपर्दछ ।

**१. कच्ची (माटो/ बाँस /टायल /खपडा /झिगटी)**

यदि घरको गारोको बनौट काँचो इटा, माटो, काठ वा बाँस तथा छानो खर, पराल, टायल, खपडा वा झिँगटी आदिको प्रयोग भई बनेकोरहेछ भने त्यस्तो घरलाई कच्ची घर मानिन्छ ।

**२. पक्की (ईटा, ढुङ्गा जस्ता टिन)**


यदि घरको गारोको बनोट ईटा, ढुङ्गा वा ब्लकको तथा छानो जस्ता वा टिन आदिको प्रयोगभै बनेकोरहेछ भने त्यस्तो घरलाई पक्की घर मानिन्छ ।

**३. सिमेन्ट/ढलान**

यदि उक्त परिवार बस्ने घर सिमेन्ट तथा रड प्रयोग गरि ढलान गरिएको रहेछ भने त्यस्तो घरलाई सिमेन्ट/ढलान घर मानिन्छ ।


**४. मिश्रित (पक्की कच्ची)**

यदि घरको गारोको बनोट ईटा, ढुङ्गा वा ब्लक तथा छानो खर, पराल, टायल, खपडा वा झिँगटी आदिको प्रयोग भई बनेकोरहेछ भने त्यस्तो घरलाई मिश्रित घर मानिन्छ । परिवारले प्रयोग गरेको घर कस्तो किसिमको छ सोधी उपयुक्त Option छान्नु पर्दछ ।




## २.२ घरको तल्ला संख्या

परिवार बसिरहेको घर कति तलाको छ यकिन गरी तला संख्या लेख्नुपर्दछ । तल्ला नछापी छानोले मात्र छोपेको घरलाई एक तला मान्नुपर्दछ । अन्तिम तला केही क्षेत्र मात्र ओगट्ने गरी बनेको भए उक्त तलासमेत गणना गरी जम्मा तल्ला लेख्नुपर्दछ ।



**३ यस परिवारमा संचारका के के सुविधाहरु छन् ? (बहुउत्तरसम्भव छ)**

यस प्रश्नले परिवारसँग भएका संचारका सुविधाहरुका वारेमा बुझ्न खोजिएकोछ। परिवारमा भएका ती सामग्री/सुविधाहरु एक वा एकभन्दा बढी हुनसक्ने हुनाले ती सञ्चारका सुविधाहरुको वारेमा एक एक गरी सोधी उपलब्ध भएका सबै सुविधाहरु छान्नुपर्दछ। यस प्रश्नको उत्तर एकभन्दा बढी आउन सक्दछ।


३.१ यस परिवारमा सन्चार सुविधाहरू के के छन् ? एक वा सो भन्दा बढी उत्तर छान्न सकिने छ ।

रेडियो ☐

टेलिभिजन ☐

कम्प्युटर ☐

इन्टरनेट ☐

टेलिफोन ☐

मोवाइल फोन ☐

माथिका कुनै पनि नभएको ☐

सञ्चारका साधन तथा सुविधाको सामान्य ब्याख्या निम्नानुसार गरिएको छ।

**१. रेडियो**

यदि उक्त परिवारमा रेडियोको सुविधा उपलब्ध भएमा सोही Option को Check Box मा check लगाउनुपर्दछ।

**२. टेलिभिजन**

बिजुली वा ब्याट्रीबाट चलाउन सकिने जुनसुकै आकार वा प्रकार जस्तैः श्यामस्वेत (Black and White), रंगीन (Colour) टेलिभिजन परिवारको स्वामित्वमा वा निजी सरह भए कोड २ लेख्नुपर्दछ। साथै, परिवारको कुनै सदस्यले प्रयोग गर्ने गरेको मोवाइल फोन वा कम्प्युटर वा ल्यापटपमा टेलिभिजन हेर्ने सुविधा भएको र त्यो सुविधा अक्सर प्रयोग गर्ने भएमा उक्त परिवारमा टेलिभिजन भएको मान्नुपर्छ।

**३. कम्प्युटर/ल्यापटप**

बिजुली वा ब्याट्रीबाट चलाउन सकिने गणनाको दिनमा चालू रहेको डेस्कटप, ल्यापटप, आइप्याड वा ट्याबलेटजस्ता जुनसुकै मोडलका कम्प्युटर घरमै परिवार वा परिवारको सदस्यको स्वामित्वमा वा निजी सरह प्रयोग गर्ने गरेको भए सोही Option को Check Box मा check लगाउनुपर्दछ।

**४. इन्टरनेट**

परिवारमा कम्प्युटरको प्रयोग गरी वा नगरी इन्टरनेटमार्फत इमेल तथा अन्य सूचनाहरुको आदानप्रदान गर्ने सुविधा उपलब्ध छ भने इन्टरनेट भएको मान्नुपर्छ। इन्टरनेटको सुविधा साधारणतया कम्प्युटरको प्रयोगमार्फत नै गरिने भए पनि अहिले प्रविधिको विकाससँगै पीडीए, मोबाइल फोनमार्फत पनि इन्टरनेटको सुविधा लिने प्रचलन बढिरहेको हुनाले परिवारको कुनै सदस्यले इन्टरनेटको प्रयोग घरबाटै गर्ने सुविधा भएमा उक्त परिवारमा इन्टरनेटको सुविधा भएको मानी इन्टरनेट Option को Check Box मा check लगाउनुपर्दछ।

**५. टेलिफोन**

यहाँ टेलिफोन अन्तरगत ल्यान्डलाइन टेलिफोनलाई लिइएको छ । परिवारमा अक्सर बसोबास गर्ने कुनै सदस्यले आफ्नो वा परिवारको प्रयोगको लागितारसहितको टेलिफोन सुविधा राखेको भए कोड ५ लेख्नुपर्दछ । टेलिफोन सुविधा स्थानीय, राष्ट्रिय वा अन्तराष्ट्रिय (लोकल/एसटिडी/आईएसडी) जस्तोसुकै भएपनिपरिवारमा टेलिफोन सुविधा भएकोमा नै राख्नुपर्दछ ।

**६. मोबाईल फोन**

परिवारमा अक्सर बसोबास गर्ने कुनै सदस्यले आफ्नो वा परिवारको प्रयोगको लागि तारविनाको कुनैपनि किसिमको मोबाइल फोन सुविधाहरु राखेको भए कोड ६ लेख्नुपर्दछ । नेपाल टेलिकम (NTC) तथा युनाइटेड टेलिकम (UTL) जस्ता टेलिफोन सेवा प्रदायकहरुबाट उपलव्ध हाते मोवाइल फोन, तारहित CDMA तथा SKY फोनहरुलाई टेलिफोनअन्तर्गत नराखी मोबाइल फोन अन्तर्गत राख्नुपर्छ ।


**७. माथिका कुनैपनि नभएको**

यी माथि उल्लेख भएका सञ्चरका साधनहरु कुनै पनि नभए माथिका कुनैपनि नभएको Option को Check Box मा check लगाउनुपर्दछ ।

# ४. जन्म दर्तासम्बन्धी विवरण

**४.१ सन्दर्भ अवधिमा परिवारमा जन्म भएको शिशुको संख्या कति थियो ?**

यस प्रश्नबाट सन्दर्भ अवधिमा परिवारमा जीवितै जन्म भएका बालबालिकाहरुको संख्या जान्न खोजिएको हो । यस महलमा सन्दर्भ अवधिमा यस परिवारमा जीवितै जन्म भएका बालबालिकाको संख्या लेख्नुपर्दछ । सो संख्या लेखी सकेपछि संख्या अनुसारको रोस्टर ट्याब्लेटमा देखिन्छ । ***सन्दर्भ अवधिभन्दा बाहिर जन्मेका बच्चाहरुको जन्म बारेमा यस प्रश्नमा उल्लेख गर्नुहुदैन ।***





**४.२ शिशुको विवरण**

(१) **क्र.सं.**

यस महलमा जन्म भएका शिशुहरुको क्रम संख्या ट्यावलेटमा आफै Display हुन्छ ।


(२) **लिङ्ग**

यस प्रश्नको उत्तरमा शिशुको लिङ्ग पुरुष भए पुरुष र स्त्री भए स्त्री छाख्नुपर्दछ ।




(४) **जन्म भएको साल**

यस प्रश्नको उत्तरमा शिशु कुन सालमा जन्मेको हो सोधी त्यही Option छान्नुपर्दछ ।




(५) **जन्म भएको महिना (अंकमा)**

यस प्रश्नको उत्तरमा शिशु जुन महिनामा जन्मेको हो सोधेर त्यही महिना छाब्नुपर्दछ । उदाहरणको लागि यदि शिशुको जन्म भदौ महिनामा भएको थियो भने भदौ छाब्नुपर्दछ ।





(६) **जन्मदा शिशुको शारीरिक अपांगता**

यस प्रश्नको उत्तरमा शिशु जन्मदा शारीरिक अपांगता भए **थियो** र नभए **थिएन** छाब्नुपर्दछ ।





(७) **जन्म भएको स्थान**

यस प्रश्नको उत्तरमा दिइएको Option हरुमध्ये शिशुको जन्म भएको स्थान जहाँ हो त्यसै स्थानलाई चयन गर्नुपर्दछ । उदाहरणार्थ, यदि शिशुको जन्म स्वास्थ्यकर्मीको सहयोग नलिई घरमा भएको रहेछ भने सोही पहिलो Option छान्नुपर्दछ ।




**(८) तपाईँले जन्म दर्ता गर्नु भएको छ ?**

यस प्रश्नको उत्तरमा सम्बन्धित परिवारमा जन्म भएको शिशुको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा जन्म दर्ता गरिएको भए गरेको र दर्ता नगरिएको रहेछ भने नगरेको छान्नुपर्दछ ।





**(९) जन्म पश्चात दर्ता गरेको समय अवधि** ***(दर्ता भएकालाई सोध्ने)***

यस प्रश्नको उत्तरमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता भएकालाई जन्म पश्चात दर्ता गरेको समय अवधि सोधि सोहि अनुसार लेख्नुपर्दछ । यदि शिशुको जन्म दर्ता जन्मेको ३५ दिन भित्र गरेको भए कोड १ लेख्नुपर्दछ । यदि शिशुको जन्म दर्ता जन्मेको ३५ दिन भन्दा पछाडी गरेको भए दर्ता कति महिना पछि गरेको हो सो अवधि महिनामा लेख्नुपर्दछ ।




**(१०) दर्ता गर्ने व्यक्ति (सूचक)** ***(दर्ता भएकालाई सोध्ने)***

यस प्रश्नको उत्तरमा पञ्जिकाधिकारीको कार्यालयमा शिशुको जन्म दर्ता यदि आमा वा बाबुले गराएको भए बाबु/आमा, हजुर बुवा/हजुर आमाले गराएको भए हजुर बुवा/हजुर आमा, काका वा काकीले गराएको भए काका/काकी, दाजु/दिदीले गराएको भए दाजु/दिदी र कानुनद्धारा तोकिएको व्यक्तिले भए कानुनद्धारा तोकिएको व्यक्ति छान्नुपर्दछ । कानुनद्धारा तोकिएको व्यक्ति भन्नाले जन्म, मृत्यु र अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन २०३३ र नियामावली २०३४ मा तोकिएको अधिकारीलाई जनाउँछ ।



(११) **दर्ता गरेको मुख्य कारण** *(दर्ता भएकालाई मात्र सोध्ने)*

**दर्ता गरेको मुख्य कारण**

शिशुको जन्म दर्ता गर्नुको मुख्य कारण के थियो ?

- विद्यालयमा भर्ना गर्नुपर्ने भएकोले
- बालकको शारिरिक अपाङ्गता सम्बन्धी सेवा सुबिधा प्राप्त गर्न
- अन्य कानुनी प्रक्रियाको लागि
- दर्ता प्रक्रिया सजिलो भएकोले
- समयमै (३५ दिन भित्र) दर्ता निशुल्क हुन्छ भन्ने थाहा भएकोले
- दर्ता गर्ने स्थान नजिक भएकोले

यस महलमा सूचकले जन्म दर्ता गरेको मुख्य कारण जुन हो त्यही Option छान्नुपर्दछ । यदि दर्ता गरेको मुख्य कारण विद्यालयमा भर्ना गर्नुपर्ने भएको भए विद्यालयमा भर्ना गर्नुपर्ने भएको भएले छान्नुपर्दछ ।

(१२) **दर्ता नगरेको मुख्य कारण** *(दर्ता नभएकालाई सोध्ने)*

**दर्ता नगरेको मुख्य कारण**


शिशुको जन्म दर्ता नगर्नुको मुख्य कारण के थियो ?

- विद्यालयमा भर्ना गर्ने उमेर नपुगेकोले
- झनझटिलो प्रक्रिया भएको
- आवश्यक नपरेकोले
- बढि पैसा तिर्नुपर्ने भएर
- आवश्यक कागजात (नागरीकता, सिफारीस आदि) नभएकोले
- स्थानीय पञ्जिकाधिकारीको कार्यालय टाढा भएको
- स्थानीय पञ्जिकाधिकारी नभेटिएकोले
- दर्ता गर्नुपर्ने भन्ने जानकारी नभएको
- दर्ता जहिले गरे पनि हुने भएकोले
- ३५ दिन पछि पनि दर्ता गर्न सकिन्छ भन्ने जानकारी नभएको
- शारीरिक विकृतीका कारण
- अन्य

यस महलमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा जन्मदर्ता नगरिएको शिशुहरुको लागि दर्ता नगर्नुको मुख्य कारण सोधिएको हो । दिइएका सबै Option हरुमध्ये मुख्य कुनै एक छान्नुपर्दछ । यदि दर्ता नगर्नुको मुख्य कारण विद्यालयमा भर्ना गर्ने उमेर नपुगेको भन्ने उत्तर आएमा विद्यालयमा भर्ना गर्ने उमेर नपुगेकोले छान्नुपर्दछ ।

(१३) **दर्ता गर्ने सोच** ***(दर्ता नभएकालाई सोध्ने)***


यस महलमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा जन्मदर्ता नगरिएको शिशुहरुको लागि भविश्यमा दर्ता गर्ने सोच रहे नरहेको बारेमा सोध्नु पर्दछ । यदि दर्ता गर्ने सोच रहेको छ भन्ने उत्तर आएमा भएको र यदि दर्ता गर्ने सोच नभएको भन्ने उत्तर आएमा नभएको छान्नुपर्दछ ।



# ५. विवाह दर्तासम्बन्धी विवरण

**५.१ सन्दर्भ अवधिमा परिवारमा कति जना पुरुष सदस्यको विवाह भएको थियो ?**

यस प्रश्नले सन्दर्भ अवधिमा यस परिवारमा भएको विवाहको संख्या जान्न खोजिएको हो । सन्दर्भ अवधिमा यस परिवारमा भएको विवाहको संख्या लेख्नुपर्दछ । सो संख्या लेखिसकेपछि सोही संख्या अनुसारको रोस्टर ट्याब्लेटमा देखिन्छ । ***सन्दर्भ अवधिभन्दा बाहिर भएका विवाहहरुको संख्या यस महलमा उल्लेख गर्नुहुदैन*** ।





**५.२ बैवाहिक विवरण**

(१) **क.सं.**

यस महलमा जन्म भएका शिशुहरुको क्रम संख्या ट्यावलेटमा आफै Display हुन्छ ।


(२) **विवाहको किसिम**

यस महलमा विवाहित पुरुष र स्त्रीको कुन तरिकाबाट विवाह भएको हो त्यो जान्न खोजिएको हो । यदि, मागी विवाह भएको रहेछ भने मागी सामाजिक परम्परागत विवाह, प्रेम विवाह भएको रहेछ भने प्रेम विवाह, कोर्ट म्यारिज गरिएको रहेछ भने कोर्ट म्यारिज र अन्य कुनै प्रकारको तरिकाबाट विवाह भएको रहेछ भने अन्यको Option छान्नुपर्दछ ।





(३) **पुरुषको उमेर**

यस महलमा विवाहित पुरुषको पूरा भएको उमेर वर्षमा लेख्नुपर्दछ ।




(४) **स्त्रीको उमेर**

यस महलमा विवाहित स्त्रीको पूरा भएको उमेर वर्षमा लेख्नुपर्दछ ।




(५) **पुरुषको शैक्षिक स्थिति**

यस महलमा दिइएका कोडहरुमध्ये विवाहित पुरुषले उत्तीर्ण गरेको तह सोधी उपयुक्त कोड लेख्नुपर्दछ । उदाहरणकोलागि यदि विवाहित पुरुषले स्नातक तह उत्तीर्ण गरेको रहेछ भने स्नातक तह छान्नु पर्दछ ।




(६) स्त्री**को शैक्षिक स्थिति**

यस महलमा दिइएका कोडहरुमध्ये विवाहित महिलाले उत्तीर्ण गरेको तह सोधी उपयुक्त Option छान्नुपर्दछ । उदाहरणको लागि यदि विवाहित महिलाले कक्षा ५ उत्तीर्ण गरेको भए display भएको Otpion मध्येबाट कक्षा ५ छान्नु पर्दछ ।

**बैवाहिक स्थिती**

विवाह भन्नाले कुनै स्त्री वा पुरुष आपसी समझदारी वा आ-आफ्नो सामाजिक, धार्मिक रीतिरिवाज वा कानूनी प्रकृयाबाट आफ्नो जीवनकालको कुनै समयमा अर्को पक्ष पुरुष वा स्त्रीसँग श्रीमान-श्रीमतीको

सम्बन्ध जोडी बसेकालाई बुझाउँछ । गणनाको समयमा कुनै व्यक्ति (पुरुष वा स्त्री) - श्रीमान-श्रीमतीको रूपमा सँगै (एकै ठाउँमा वा आपसी सहमतिले अलग) बसेका भए त्यस्ता महिला वा पुरुषलाई विवाह भएको मान्नुपर्दछ ।

**१. एक विवाह**

कुनै महिला वा पुरुषको एक पटक मात्र विवाह भई पुरुष भए हाल एक मात्र श्रीमती र महिला भए हाल एकमात्र श्रीमान् भएको स्थितिमा श्रीमान-श्रीमती भइ बसेका भए एक विवाह को स्थिति हुन्छ ।


**२. बहुविवाह**

गणनाको समयमा यदि पुरुष भए एकभन्दा बढी श्रीमती र महिला भए एकभन्दा बढी श्रीमान् एकै ठाउँमा वा सहमतिले बेग्लाबेग्लै बसी श्रीमान्/श्रीमतीको सम्बन्धमा भए बहुविवाहको स्थिति मान्नुपर्दछ । यस्तो वैवाहिक स्थिति श्रीमान् वा श्रीमती दुवैको हुनसक्छ ।

**३. पुनर्विवाह**

जीवनकालमा एक पटक विवाह भइसकेका पुरुष वा महिलाको कुनै कारणले जस्तैः श्रीमान् वा श्रीमतीको मृत्यु भई वा पारपाचुके भई वा अघिको श्रीमती वा बहुविवाह र पुनर्विवाह छुट्याउनुपर्छ श्रीमान्लाई छोडी पुनः विवाह गरेको र हाल एकमात्र श्रीमती वा श्रीमान् भए पुनर्विवाह हुन्छ ।

### (८) पुरुषको बैवाहिक स्थिती


पुरुषको वैवाहिक स्थिति

विवाहित दम्पतिमध्ये पुरुषको वैवाहिक स्थिति के थियो ?

- एक विवाह
- बहुविवाह
- पुनर्विवाह


यस महलमा दिइएका कोडहरुमध्ये कुनै एक छान्नुपर्दछ । यदि विवाहित पुरुषको जीवनमा पहिलोपल्ट र एउटै मात्र विवाह भएको रहेछ भने एक विवाह छान्नुपर्दछ । यदि पुरुषको एकभन्दा बढी पटक विवाह भएको र दुबै पत्नीहरु साथमै वा भिन्दाभिन्दै जीवितै रहेको अवस्थामा बहुविवाह छान्नुपर्दछ । त्यसैगरी उक्त पुरुषले पहिलो पत्नीको मृत्यु पश्चात वा सम्बन्ध विच्छेद भएर वा अरु कुनै कारणले अलग भएको र निजले अर्को विवाह गरेको भए पुनर्विवाह छान्नुपर्दछ ।

### (९) स्त्रीको बैवाहिक स्थिती

यस महलमा दिइएका कोडहरुमध्ये कुनै एक छान्नुपर्दछ । यदि विवाहित महिलाको जीवनमा पहिलोपल्ट र एउटै मात्र विवाह भएको रहेछ भने एक विवाह छान्नुपर्दछ । यदि उक्त महिलाको एकभन्दा बढी पटक विवाह भएको र दबै पतिहरु साथमै वा भिन्दाभिन्दै जीवितै रहेको अवस्थामा बहुविवाह छान्नुपर्दछ । त्यसैगरी उक्त महिलाले पहिलो पतिको मृत्यु भएर वा सम्बन्ध विच्छेद भएर वा अरु कुनै कारणले अलग भएको र निजले अर्को विवाह गरेको भए पुनर्विवाह छान्नुपर्दछ ।

### (१०) विवाह भएको साल

यस महलमा विवाहित पुरुष वा स्त्रीको विवाह भएको साल सोधी लेख्नुपर्दछ । उदाहरणको लागि निजको विवाह २०७० साल माघमा भएको भए Display भएको Option मध्येबाट २०७० साल



विवाहित दम्पतिको बिवाह कुन सालमा भएको थियो ?

- 2070
- 2071
- 2072

छान्नुपर्दछ । ***स्मरणीय छ कि यस महलमा २०७० सालदेखि २०७२ सालसम्मका घटनाहरु मात्र सोध्नुपर्दछ ।***


### (११) विवाह दर्ता गरे नगरेको

यस महलमा सम्बन्धित परिवारमा विवाह भएको जोडीको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा विवाह दर्ता गरिएको भए गरेको र दर्ता नगरिएको रहेछ भने नगरिएको छान्नुपर्दछ ।





### (१२) विवाह पश्चात दर्ता गरेको समय अवधि

यस महलमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता भएकालाई विवाह पश्चात दर्ता गरेको समय अवधि सोधी सोही अनुसार लेख्नुपर्दछ । यदि जोडीको विवाह दर्ता ३५ दिन भित्र दर्ता गरेको भए १ र विवाह भएको ३५ दिन पछि दर्ता गरेको भए कति महिनापछि दर्ता गरेको हो अवधि सोधी पूरा भएको महिना अंकमा लेख्न् पर्दछ ।




### (१३) दर्ता गरेको मुख्य कारण

यस महलमा सूचकले विवाह दर्ता गरेको मुख्य कारण यदि नागरिता लिनु पर्ने भएकोले भन्ने उत्तर आएमा Display भएको Option मध्येबाट नागरिता लिनु पर्ने भएकोले छान्नु पर्दछ, त्यस्तै विवाहलाई कानुनीरुप प्रदान गर्न को लागि भए विवाहलाई कानुनीरुप प्रदान गर्न छान्नु पर्दछ ।



**(१४) दर्ता नगरेको मुख्य कारण**

यस महलमा सूचकले विवाह दर्ता नगरेको मुख्य कारण यदि नागरिता लिनु पर्ने भएकोले भन्ने उत्तर आएमा Display भएको Option मध्येबाट यदि आवश्यक नपरेकोले भन्ने उत्तर आएमा आवश्यक नपरेकोले छान्नु पर्दछ, त्यस्तै पञ्जिकाधिकारीको कार्यालय टाढा भएकोले भन्ने उत्तर आएमा पञ्जिकाधिकारीको कार्यालय टाढा भएकोले छान्नु पर्दछ ।

विवाहित दम्पतिको बिवाह दर्ता नगर्नुको मुख्य कारण के थियो ?

- आवश्यक नपरेकोले
- बढि पैसा तिर्नुपर्ने भएर
- आवश्यक कागजात (नागरीकता, सिफारीस आदि) नभएकोले
- दुबै जना को उपस्थिति नभएर (एक जना बाहिर भएकोले )
- स्थानीय पञ्जिकाधिकारीको कार्यालय टाढा भएको
- स्थानीय पञ्जिकाधिकारी नभेटिएकोले
- दर्ता गर्नुपर्ने भन्ने जानकारी नभएको
- दर्ता जहिले गरे पनि हुने भएकोले
- ३५ दिन पछि पनि दर्ता गर्न सकिन्छ भन्ने जानकारी नभएको
- अन्य

**(१५) दर्ता गर्ने सोच** ***(दर्ता नभएकालाई सोध्ने)***

यस महलमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा यदि विवाहित दम्पतीले विवाह दर्ता नगरेको भए भविश्यमा विवाह दर्ता गर्ने सोच रहे नरहेको बारेमा सोध्नु पर्दछ । यदि दर्ता गर्ने सोच रहेको छ भन्ने उत्तर आएमा भएको छान्नु पर्दछ । यदि दर्ता गर्ने सोच नभएको भन्ने उत्तर आएमा भएको छान्नु पर्दछ


विवाहित दम्पतिको बिवाह दर्ता गर्ने सोच राख्नु भएको छ ?

- भएको
- नभएको

# ६. मृत्यु दर्तासम्बन्धी विवरण

**६.१ सन्दर्भ अवधिमा परिवारमा कति सदस्यको मृत्यु भएको थियो ?**

यस प्रश्नबाट सन्दर्भ अवधिमा परिवारमा जीवितै जन्मी मृत्यु भएका संख्या जान्न खोजिएको हो । सन्दर्भ अवधिमा यस परिवारमा मृत्यु भएका परिवारका सदस्यहरुको संख्या लेख्नुपर्दछ । सो संख्या लेखी सकेपछि संख्या अनुसारको रोस्टर ट्याब्लेटमा देखिन्छ । ***सन्दर्भ अवधि भन्दा बाहिर मृत्यु भएका परिवारका*** **सदस्यहरुको संख्या** ***यस प्रश्नमा उल्लेख गर्नुहुदैन ।***





**(१) क्र.सं.**

यस महलमा परिवारमा मृत्यु भएका संख्याको आधारमा क्रम संख्या ट्यावलेटमा आफै Display हुन्छ ।


**(२) लिंग**

यस महलमा मृतक पुरुष भए पुरुष र महिला भए महिला छान्नुपर्दछ । यहाँ ध्यान दिनु पर्नेकुरा के छ भने यदि परिवारमा सन्दर्भ अवधिभित्र मृत्यु हुने सदस्यको विवरण लिंदा पहिलो, दोश्रो, तेश्रो कुन व्यक्तिको लिन लागिएको हो सो एकिन गर्न तलको चित्रमा बायाँतिर देखाएको विवरणले मद्दत गर्दछ । तलको चित्रमा मृत्यू(1) भनेको पहिलो मृतक सदस्यको विवरण लिइरहेको भन्ने बुझिन्छ ।




**(३) मृत्यु हुँदाको उमेर**

यस महलमा मृत्यु हुँदा पूरा भएको उमेर वर्षमा लेख्नुपर्दछ । उदाहरणको लागि मृत्यु हुँदा मृतकको उमेर ६६ वर्ष ११ महिना १२ दिन भएमा ६६ वर्ष मात्र लेख्नुपर्दछ ।



(४) **बैवाहिक स्थिती**

वैवाहिक स्थिति भन्नाले गणनाको समयमा १० वर्ष र सोभन्दा माथिको उमेरका व्यक्तिको विवाहको स्थितिलाई बुझाउँछ । यहाँ, वैवाहिक स्थितिलाई विभिन्न ७ प्रकारमा विभाजन गरिएको छ ।

*विवाह*

*विवाह भन्नाले कुनै स्त्री वा पुरुष आपसी समझदारी वा आ-आफ्नो सामाजिक, धार्मिक रीतिरिवाज वा कानूनी प्रकृयाबाट आफ्नो जीवनकालको कुनै समयमा अर्को पक्ष पुरुष वा स्त्रीसँग श्रीमान-श्रीमतीको सम्बन्ध जोडी बसेकालाई बुझाउँछ । गणनाको समयमा कुनै व्यक्ति (पुरुष वा स्त्री) - श्रीमान-श्रीमतीको रूपमा सँगै (एकै ठाउँमा वा आपसी सहमतिले अलग) बसेका भए त्यस्ता महिला वा पुरुषलाई विवाह भएको मान्नुपर्दछ ।*

बैवाहिक स्थितिको निम्नानुसार बयान गरिएको छ ।

***१. विवाह नभएको***

*कुनै महिला वा पुरुष आफ्नो जीवनकालको कुनै पनि समयमा अर्को पक्ष पुरुष वा महिलासँग श्रीमान-श्रीमतीको सम्बन्ध जोडी कहिल्यै बसेका छैनन् वा जीवनमा कहिल्यै विवाह भएको छैन भने त्यसलाई विवाह नभएको बुझ्नुपर्दछ ।*

***२. एक विवाह***

*कुनै महिला वा पुरुषको एक पटक मात्र विवाह भई पुरुष भए हाल एक मात्र श्रीमती र महिला भए हाल एकमात्र श्रीमान् भएको स्थितिमा श्रीमान-श्रीमती भइ बसेका भए एक विवाह को स्थिति हुन्छ ।*

***३. बहुविवाह***

*गणनाको समयमा यदि पुरुष भए एकभन्दा बढी श्रीमती र महिला भए एकभन्दा बढी श्रीमान् एकै ठाउँमा वा सहमतिले बेग्लाबेग्लै बसी श्रीमान्/श्रीमतीको सम्बन्धमा भए बहुविवाहको स्थिति मान्नुपर्दछ । यस्तो वैवाहिक स्थिति श्रीमान् वा श्रीमती दुवैको हुनसक्छ ।*

***४. पुनर्विवाह***

*जीवनकालमा एक पटक विवाह भइसकेका पुरुष वा महिलाको कुनै कारणले जस्तैः श्रीमान् वा श्रीमतीको मृत्यु भई वा पारपाचुके भई वा अघिको श्रीमती वा बहुविवाह र पुनर्विवाह छुट्याउनुपर्छ श्रीमान्लाई छोडी पुनः विवाह गरेको र हाल एकमात्र श्रीमती वा श्रीमान् भए पुनर्विवाह हुन्छ ।*

***५. विधुर/विधवा***

*जीवनकालमा एक पटक विवाह भइसकेका कुनै महिलाको गणनाको समयअघि श्रीमान्को मृत्यु भई हालसम्म पुनः विवाह नगरेकी भए विधवा हुन्छ । त्यस्तै श्रीमतीको मृत्यु भई हाल पुनः विवाह नगरेका पुरुष भए विधुर हुन्छ । गणनाअघि एकविवाह वा पुनर्विवाह जुनसुकै स्थिति भए पनि श्रीमान् वा श्रीमतीको मृत्यु भई जबसम्म पुनः विवाह हुँदैन तबसम्म विधुर वा विधवाको स्थिति नै रहन्छ ।*


***६. पारपाचुके***

*विवाहपश्चात श्रीमान्-श्रीमतीको कुनै मनमुटाव वा मतभेद भई श्रीमान-श्रीमती एकअर्कासँगै बस्न नसकी कानूनीतवरले वा सामाजिक मान्यताअनुसार छुट्टिई गणनाको समयमा अलग्गै बसेका भए पारपाचुके भएको मान्नुपर्दछ । गणनाअघि जेसुकै भए तापनि गणनाको समयमा उनीहरू कानूनी वा सामाजिक मान्यताबाट पारपाचुके गरी अलग्गै बसेका भए उनीहरूको वैवाहिक स्थिति पारपाचुके मान्नुपर्दछ ।*

*७. छुट्टिएको*


*विवाहित श्रीमान्-श्रीमती यदि कुनै झगडा वा मतभेदको कारणबाट सँगै बस्न नसक्ने भई आपसी समझदारी वा असमझदारीबाट बेग्ला बेग्लै बस्ने गरेको भए ती व्यक्तिहरुको वैवाहिक स्थितिलाई छुट्टिएको मान्नुपर्दछ । जबसम्म श्रीमान्-श्रीमती को कानूनी वा सामाजिकरूपमा पारपाचुके भएको हुँदैन र उनीहरू आपसी मनमुटावका कारण अलग्गै बसेका हुन्छन् तवसम्म उनीहरूको वैवाहिक स्थिति गणनाको प्रयोजनका लागि छुट्टिएको भन्नुपर्दछ ।*

यस महलमा मृत्यु भएको व्यक्तिको मृत्यु हुनु अघिको बैबाहिक स्थिति सोध्न खोजिएको छ । मृतकको बिवाह नभएको भए बिवाह नभएको, एक बिवाह गरेको भए एक बिवाह, मृत्यु भएको दिन सम्म २ वा २ भन्दा बढि श्रीमती भएमा वहुविवाह, पुनर्बिवाह भएमा पुनर्बिवाह, बिधुर/बिधवा भएमा बिधुर/बिधवा, पारपाचुके भएमा पारपाचुके र पति पत्नी छुट्टिएको अबस्थामा छुट्टिएको Option छान्नुपर्दछ ।




**(६) मृत्यु भएको साल**

यसमा परिवारका कुनै सदस्यको सन्दर्भ अवधिभित्र मृत्यु भएमा मृत्यु भएको साल कुन हो सोधी सोही अनुसार Option छान्नुपर्दछ ।




**(७) मृत्युको कारण**

यस महलमा परिवारको सदस्य कुन कारणले मृत्यु भएको हो सोधी दिईएको मध्ये उपयुक्त Option छान्नु पर्दछ । उदाहरणको लागि, रोग ब्याधिका कारण मृत्यु भएको भन्ने उत्तर आएमा रोग ब्याधि Option छान्नु पर्दछ । त्यस्तै, गर्भावस्था/सुत्केरी व्यथा/बच्चा जन्माउन नसकेर मृत्यु भएमा गर्भावस्था/सुत्केरी व्यथा/बच्चा जन्माउन नसकेर, खानपानमा पोषण तत्वको कमीले मृत्यु भएमा कुपोषण, बस/मोटर/रुखबाट लडेर आदि बाट मृत्यु भएमा दुर्घटना, आत्महत्या गरी मृत्यु भएमा आत्महत्या, हत्या भई मृत्यु भएमा हत्या, बाढी, पहिरो, भूकम्प आदि को कारणले मृत्यु भएमा प्राकृतिक प्रकोप, मृत्यु भएको कारण थाहा नभएको भनेमा थाहा नभएको र माथी उल्लेखित कारणहरु बाहेक अरु कुनै कारणले मृत्यु भएमा अन्य Option छान्नु पर्दछ ।





**(८) मृत्यु भएको स्थान**

यस महलमा व्यक्तिको कुन स्थानमा मृत्यु भएको सोधी उपयुक्त Option छान्नु पर्दछ । यदि व्यक्तिको मृत्यु घरमा भएमा घर Option छान्नु पर्दछ । त्यसैगरगी, सरकारी वा निजि अस्पताल, नर्सिंगहोम, हेल्थपोष्ट आदि स्थान मध्ये कुनैमा मृत्यु भएमा अस्पताल, नेपालमा नभई विदेशको हकमा घर वा अस्पताल जहाँ मृत्यु भएपनि विदेश र यस बाहेक अरु कुनै स्थानमा मृत्यु भएमा अन्य Option छान्नु पर्दछ । *दुर्घटना, हत्या, आत्महत्या आदि कारणले घर, अस्पताल, विदेशमा मृत्यु भएको बाहेकको अवस्थालाई अन्य मान्नु पर्दछ ।*




(९) **तपाईले मृत्यु दर्ता गर्नु भएको छ ?**

यस महलमा सम्बन्धित परिवारको कुनै सदस्य मृत्यु भई स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा मृत्यु दर्ता गरिएको वा नगरिएको जान्न खोजिएको छ । यदि, यस परिवारले कुनै सदस्यको मृत्यु दर्ता गरेको भए गरेको, नगरेको अवस्था भएको भए नगरेको Option छान्नु पर्दछ ।




(१०) **मृत्यु पश्चात दर्ता गरेको समय अवधि**


यस महलमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा मृत्यु दर्ता भएकालाई मृत्यु पश्चात दर्ता गरेको समय अवधि सोधि सोहि अनुसार लेख्नुपर्दछ । यदि मृत्यु भएको ३५ दिन भित्र दर्ता गरेको भए १ र मृत्यु भएको ३५ दिन भन्दा पछि दर्ता गरेको भए दर्ता कति महिनापछि गरिएको हो सो अवधि महिनामा लेख्नुपर्दछ । उदाहरणको लागि यदि मृत्यु दर्ता २४ महिना पछि गरेको भए २४ लेख्नु पर्दछ ।




(११) **दर्ता गर्ने व्यक्ति सूचक**


यहाँ, पञ्जिकाधिकारीको कार्यालयमा गई मृत्यु दर्ता गर्ने व्यक्तिलाई सूचक भनिएको छ । यस महलमा पञ्जिकाधिकारीको कार्यालयमा परिवारको सदस्यको मृत्यु दर्ता कस्ले गरेको सोधी उपयुक्त Option छान्नु पर्दछ । यदि श्रीमान् वा श्रीमती गराएको भए श्रीमान्/श्रीमती, छोरा वा छोरीले गराएको भए छोरा/छोरी, आमा वा बाबुले गराएको भए आमा/बाबु, हजुरबुवा वा हजुरआमाले गराएको भए हजुरबुवा/हजुरआमा, दाजुभाई वा दिदीबहिनीले गराएको भए दाजुभाई/दिदीबहिनी, नाति वा नातिनीले गराएको भए नाति/नातिनी, काका वा काकीले गराएको भए काका/काकी, कानुनद्वारा तोकिएको व्यक्तिले भए कानुनद्वारा तोकिएको व्यक्ति र यस बाहेक अरु कसैले गराएको भए अन्य Option छान्नु पर्दछ ।

कानुनद्वारा तोकिएको व्यक्ति भन्नाले जन्म, मृत्यु र अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन २०३३ र नियमावली २०३४ मा तोकिएको अधिकारीलाई जनाउँछ ।





(१२) **दर्ता गरेको मुख्य कारण**

यस महलमा परिवारले मृत्यु दर्ता मुख्य कुन उदेश्यका लागि गर्दा रहेछन् जान्न खोजिएको छ । यदि उक्त परिवारले मृत्यु दर्ता घर/जग्गा/सम्पत्ति स्वामित्व हस्तान्तरणको लागि गरेको भए दर्ता घर/जग्गा/सम्पत्ति स्वामित्व हस्तान्तरण Option छान्नु पर्दछ । त्यसैगरी, सामाजिक सुरक्षा भत्ता तथा सरकारी सेवा सुबिधा, अन्य कानुनी प्रयोजनको लागि, समयमै (३५ दिन भित्र) दर्ता निशुल्क हुन्छ भन्ने थाहा भएकोले, दर्ता प्रकिया सजिलो भएकोले, दर्ता गर्ने स्थान नजिक भएकोले, संचारको माध्यमबाट दर्ता सम्बन्धि जानकारी दिइएकोले, गा.बि.स.सचिव/स्थानीय पञ्जिकाधिकारीले भनेकोले, छिमेकिले दर्ता गर्नु पर्छ भनेकोले आदि मध्ये मुख्य कुन कारणले मृत्यु दर्ता गरेको हो सोधी उपयुक्त Option छान्नु पर्दछ । माथि उल्लिखित कारणहरु बाहेक अरु कुनै कारणले दर्ता गरेको भए अन्य Option छान्नु पर्दछ ।




(१३) **दर्ता नगरेको मुख्य कारण**

यस महलमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा मृत्यु दर्ता नगरिएको सदस्यको हकमा दर्ता नगर्नुको मुख्य कारण सोध्नुपर्दछ। यदि दर्ता नगर्नुको कारण झनझटिलो प्रक्रिया भएकोले, आवश्यक नपरेकोले, बढि पैसा तिर्नुपर्ने भएकोले, आवश्यक कागजात (नागरीकता, सिफारीस आदि) नभएकोले र स्थानीय पञ्जिकाधिकारीको कार्यालय टाढा भएकोले, स्थानीय पञ्जिकाधिकारी नभेटिएकोले, दर्ता गर्नुपर्ने भन्ने जानकारी नभएको, ३५ दिन पछि पनि दर्ता गर्न सकिन्छ भन्ने जानकारी नभएको, दर्ता जहिले गरे पनि हुने भएकोले आदि मध्ये मुख्य कुन कारणले मृत्यु दर्ता गरेको हो सोधी उपयुक्त Option छान्नु पर्दछ। माथि उल्लिखित कारणहरु बाहेक अरु कुनै कारणले दर्ता गरेको भए अन्य Option छान्नु पर्दछ।




(१४) **दर्ता गर्ने सोच**

यस महलमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा मृत्युदर्ता नगरिएका परिवारका सदस्यहरुको भविश्यमा मृत्युदर्ता गर्ने सोच रहे नरहेको बारेमा सोध्नु पर्दछ। यदि सोच रहेको छ भन्ने उत्तर आएमा भएको र सोच नभएको भन्ने उत्तर आएमा नभएको Option छान्नु पर्दछ।




# ७. बसाईसराई दर्तासम्बन्धी विवरण

**बसाईसराईको परिभाषा:** कुनै परिवार एक स्थानबाट सरी अर्को स्थानमा बसोवास गर्ने कार्यलाई बसाईसराई भनिन्छ ।

### ७.१ सन्दर्भ अवधिमा कति संख्यामा बसाईसराई गरी आउनु भएको थियो ?

सन्दर्भ अवधिमा बसाईसराई गरी जाने/आएको परिवारमा रहेका पुरुष तथा स्त्रीको संख्या जोडी जम्मा संख्या यस महलमा लेख्नुपर्दछ । ***सन्दर्भ अवधिभन्दा बाहिर बसाईसराई गरी जाने/आएका परिवारका सदस्यहरुको संख्या यस प्रश्नमा उल्लेख गर्नुहुदैन ।***





### ७.२ बसाईसराईसम्बन्धी विवरण (सन्दर्भ अवधिमा)

#### (१) क.सं.

यस महलमा बसाईसराई गरी जाने/आएको परिवार संख्याको आधारमा क्रम संख्या ट्यावलेटमा आफै Display हुन्छ ।


#### (२) परिवार संख्या पुरुष

यस महलमा बसाईसराई गरी जाने/आएको परिवारमा रहेका पुरुषहरुको संख्या लेख्नुपर्दछ ।





#### (३) परिवार संख्या स्त्री

यस महलमा बसाईसराई गरी जाने/आएको परिवारमा रहेका स्त्रीहरुको संख्या लेख्नुपर्दछ ।




**(४) बसाईसराई**

यस महलमा बसाईसराईको गन्तव्यमा जानको लागि दुवै जाने स्थान तथा गन्तव्यबाट प्रमाणपत्र लिई सकेको तर गन्तव्यमा पुगि नसकेको परिवार भए <u>सरी जाने</u> र गन्तव्यमा पुगि बसाई गरिसकेको परिवारलाई <u>सरि आएको</u> Option छान्नु पर्दछ ।





**(५) बसाईसराइ साल**

यस महलमा परिवार बसाई वा सराई  गरेको सन्दर्भ अवधिभित्रको साल लेख्नुपर्दछ । उदाहरणको लागि यदी कुनै परिवार २०७० माघमा बसाईसराई गरि आएको रहेछ भने २०७० Option छान्नु पर्दछ ।





**(६) बसाईसराइको गन्तव्य तथा आएको स्थान**

यस महलमा बसाई वा सराई गर्ने परिवार पटक पटक बसाईसराई गरेको हुन सक्दछ, सामाजिक परिचालक/गणक गणना गर्न गएको दिनमा बसाईसराई गरेको गन्तव्य यहि जिल्लाको गा.वि.स, यहि जिल्लाको नगरपालिकामा सरेको, अर्को जिल्लाको गा.वि.स, अर्को जिल्लाको नगरपालिकामा र बिदेश मध्ये कुन हो सोधी उपयुक्त Option छान्नु पर्दछ । ***<u>बसाईसराई गर्नु अघि बसाईसराई गरेको स्थान गा.वि.स. वा नगरपालिका जे थियो सोही अनुसार लेख्नुपर्दछ ।</u>***



### (७) बसाईसराई गर्नुको कारण

बिभिन्न सेवा सुबिधा लिने उद्देश्य वा अन्य कुनै कारणले मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा बसाईसराई गर्ने गरेको पाईन्छ । यस प्रश्नबाट नेपालामा बसाईसराई कुन मुख्य कारणले गर्दा हुने रहेछ जान्न खोजिएको छ । बसाईसराईको कारण कृषि, उद्योग/ब्यापार, नोकरी, अध्ययन, परिवारसंग अश्रित, द्वन्द्ध, प्राकृतिक प्रकोप, स्वास्थ्य सुविधा मध्ये मुख्य कुन हो सोधी उपयुक्त Option छान्नु पर्दछ । यी माथीका कारणबाहेक अरु कुनै कारणले हो भने अन्य Option छान्नु पर्दछ ।





### (८) तपाईले बसाईसराई दर्ता गर्नु भएको छ ?

यस महलमा बसाईसराई गरी जाने/सरी आउने परिवारले पञ्जिकाधिकारी कार्यालयमा सरि जाने/सरी आएको दर्ता गरेको भए गरेको वा दर्ता नगरेको भए नगरेको Option छान्नु पर्दछ ।





### (९) बसाईसराई दर्ता गरेको अवधि

यस महलमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा बसाईसराई गरी जाने/सरी आउने दर्ता गराएकालाई दर्ता गरेको समय अवधि सोधि सोहि अनुसार लेख्नुपर्दछ । यदि बसाईसराई गरी जाने/सरी आउने दर्ता ३५ दिन भित्र दर्ता गरेको भए १ र बसाईसराई गरी जाने/सरी आउने दर्ता ३५ दिन भन्दा पछि दर्ता गरेको भए दर्ता कति महिनापछि गरिएको हो सो अवधि महिनामा लेख्नुपर्दछ । उदाहरणको लागि यदि बसाईसराई गरी जाने/सरी आउने दर्ता ४ महिना पछि गरेको भए ४ लेख्नुपर्दछ ।




### (११) दर्ता गरेको मुख्य कारण

यस महलमा बसाईसराई गरी जाने/सरी आउने दर्ता गर्नुको मुख्य कारण जान्न खोजिएको छ । यदि उक्त परिवारले बसाईसराई दर्ता गरेको कारण सामाजिक सुरक्षा तथा अन्य सरकारी सेवा सुबिधा उपभोग गर्न, नागरीकता/पासपोर्ट बनाउन, मतदाता नामावलीमा नाम समावेश गर्न, बसाई सराईलाई कानुनी रुप दिन, दर्ता प्रक्रिया सजिलो भएकोले, समयमै (३५ दिन भित्रं) दर्ता निशुल्क हुन्छ भन्ने थाहा भएकोले, दर्ता गर्ने स्थान नजिक भएकोले, संचारको माध्यमबाट दर्तासम्बन्धी जानकारी दिइएकोले, गा.बि.स.सचिव/स्थानीय पञ्जिकाधिकारीले भनेकोले, छिमेकीले दर्ता गर्नु पर्छ भनेकोले मध्ये मुख्य कुन कारणले गर्दा गरेको हो सोधी उपयुक्त Option छान्नु पर्दछ । माथि उल्लिखित कारणहरुबाहेक अरुनै कुनै कारण केही भए अन्य Option छान्नु पर्दछ ।





### (१२) दर्ता नगरेको मुख्य कारण

कतिपय अवस्थामा सम्बन्ध विच्छेद भइसके पश्चात पनि स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता नगरेको हुनसक्दछ यस्तो अवस्थामा के कति कारणले दर्ता नगरेको हो सोको कारण बुझ्न खोजिएको हो । दर्ता नगर्नुको मुख्य कारण आवश्यक नपरेकोले, अदालतको फैसला भएर पनि पुन: दर्ता गर्नु पर्ने जानकारी नभएर, बढि पैसा तिर्नुपर्ने भएकोले, आवश्यक कागजात (नागरीकता, सिफारीस आदि) नभएकोले, स्थानीय पञ्जिकाधिकारीको कार्यालय टाढा भएकोले, स्थानीय पञ्जिकाधिकारी नभेटिएकोले, दर्ता जहिले गरे पनि हुने भएकोले, दर्ता गर्नुपर्ने भन्ने जानकारी नभएकोले, ३५ दिन पछि पनि दर्ता गर्न सकिन्छ भन्ने जानकारी नभएकोले, दर्ता जहिले गरे पनि हुने भएकोले मध्ये कुन हो सोधी उपयुक्त Option छान्नुपर्दछ । माथि उल्लिखित Option बाहेकका अरु कुनै कारणले भए अन्य Option छान्नुपर्दछ ।




## (१३) दर्ता गर्ने सोच

यस महलमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा बसाईसराई गरी जाने/सरी आउने दर्ता नगरिएका परिवारको हकमा भविश्यमा बसाईसराई गरी जाने/सरी आउने दर्ता गर्ने सोच रहे नरहेको बारेमा सोध्नु पर्दछ । यदि सोच रहेको छ भन्ने उत्तर आएमा भएको र यदि सोच नभएको भन्ने उत्तर आएमा नभएको Option छान्नु पर्दछ ।




# ८. सम्बन्ध विच्छेद दर्तासम्बन्धी विवरण

सम्बन्ध विच्छेद भन्नाले कानूनीरुपमा सम्बन्ध विच्छेद भएको सम्झनु पर्दछ । अदालती प्रकृयाबाट फैसला भएकोलाई मात्र सम्बन्ध विच्छेद भएको मानिन्छ । कहिलेकाँही परिवारमा सामान्य विवाद भई श्रीमान श्रीमती केही समयकोलागि अन्यत्र अलग्गै बस्ने गरेको पनि हुनसक्छ वा भावावेशमा आएर कतिपयले मेरो सम्बन्ध विच्छेद भइसकेको भन्ने सम्भावना पनि हुन सक्छ तर यसलाई यहाँ सम्बन्ध विच्छेद भएको मानिदैन । साथै, सम्बन्ध विच्छेदको लागि प्रकृया शुरु भएतापनि अदालती निर्णय नभएसम्म त्यसलाई पनि सम्बन्ध विच्छेदको अवस्था मानिदैन ।

**८.१ सन्दर्भ अवधिमा यस परिवारमा कति सदस्यको सम्बन्ध विच्छेद भएको छ ?**

यस महलमा सन्दर्भ अवधिभित्र यस परिवारमा के कति सदस्यको सम्बन्ध विच्छेद भएको हो सोधी जम्मा संख्या लेख्नुपर्दछ । उदाहरणको लागि कुनै परिवारमा श्रीमान श्रीमति सम्बन्ध विच्छेद गरी अलगअलग बस्दैआएको अवस्थामा यस महलमा जम्मा संख्या १ लेख्नुपर्दछ । यसरी नै दुई वा दुई भन्द बढी सम्बन्ध विच्छेद भएको भए सोही अनुसार संख्या लेखी जेठोबाट कमशः विवरण भर्दै जानु पर्दछ । परिवारमा सम्बन्ध विच्छेद गर्ने महिला वा पुरुष दुवै हुन सक्दछन् ।




**८.२ सम्बन्ध विच्छेदसम्बन्धी विवरण (सन्दर्भ अवधिमा)**

यहाँ सम्बन्ध विच्छेद गरी बसेका कुनै परिवारको सदस्यको विस्तृत विवरण लिन खोजिएकोछ ।

**(१) क्रमसंख्या**

यहाँ, क्रमसंख्या भन्नाले सम्बन्ध विच्छेद गर्ने परिवारको सदस्यको क्रमसंख्या लाई बुझाउँदछ । यदि परिवारमा दुई भिन्न सदस्यहरुले सम्बन्ध विच्छेद गरेको भएमा ८.१ मा जम्मा संख्या २ लेख्नासाथ क्रमसंख्याको महलमा स्वत दुई वटा हरफहरु आफै स्कीनमा Display हुन्छ र सोही अनुसार विवरण भर्दै जानु पर्दछ ।


**(२) लिङ्ग**

यस महलमा महल २ मा सम्बन्ध विच्छेद गर्ने सदस्यको लिङ्ग के हो सोधी पुरुष भए पुरुष र स्त्री भए स्त्री Option छान्नु पर्दछ ।




## (३) उमेर

यस महलमा सम्बन्ध विच्छेद गर्ने व्यक्तिको गणनाको दिन पूरा भएको उमेर लेख्नुपर्दछ । उदाहरणको लागि कुनै व्यक्ति ४२ वर्ष ११ महिनाको छ भने उस्को उमेर ४२ वर्ष लेख्नुपर्दछ । *यहाँ सम्बन्ध विच्छेद गर्ने व्यक्तिको सम्बन्ध विच्छेद हुँदाको उमेर खोजिएको होइन गणनाको दिन पूरा भएको उमेर लिन खोजिएको हो ।*





## (४) शैक्षिक स्थिती

यस महलमा सम्बन्ध विच्छेद गर्ने परिवारको सदस्यको पछिल्लो शैक्षिक योग्यता सोधी उपयुक्त Option छान्नु पर्दछ ।




## (५) विवाहको साल

यस महलमा सम्बन्ध विच्छेद गर्ने सदस्यले जो संग सम्बन्ध विच्छेद गरेको हो निज संग विवाह हुँदाको वर्ष (साल) लाई यहाँ लेख्नुपर्दछ । जस्तैः २०६५ सालमा विवाह भई २०७१ सालमा सम्बन्ध विच्छेद भएको भए विवाहको सालमा २०६५ लेख्नुपर्दछ ।



(६) **विवाहको किसिम**

यस महलमा जो संग सम्बन्ध विच्छेद भएको हो निजसंग विवाह हुँदाको किसिमलाई लिन खोजिएको हो । मूलत: विवाहको किसिम यस प्रकार छ ।

***१ मागी सामाजिक परम्परागत विवाह***

*यो एक पकारको परम्परागत विवाह हो । यस्मा केटाकेटी दुवै परिवार वीच विवाहपूर्व भेटघाट गरी केटाले केटीपक्ष समक्ष वा केटीले केटा पक्ष समक्ष विवाहको प्रस्ताव राखी मागी बिबाह गर्ने गरिन्छ । यसमा दुवै पक्ष राजी भई विवाह मण्डपमा धुमधाम रुपाम सिंदुर पोते लागाई विवाह सम्पन्न गरिन्छ ।*

***२ प्रेम विवाह***

*यस किसिमको विबाहमा केटाकेटी वीच एक आर्कामा मनपरापर भई विवाहमा परिणत हुने हुन्छ । यसमा विवाहको मूख्य निर्णय कर्ता स्वयं केटाकेटी नै हुन्छन । तथापी यस विवाहमा केटाकटीको मनपरापर भई परिवारको अभिभावकको समेत राजीखुसी भई विवाह सम्पन्न हुने समेत हुनसक्दछ । मूलत यस किसिमको विवाहमा केटाकेटी विवाहपूर्व नै चितपरिचित भैसकेका हुन्छन भने विवाह पकृया चाही परम्परागत समेत हुन सक्दछ । कति पय अवस्थामा केटाकटी भागेर समेत विवाह गर्दछन जस्लाई हामी प्रेम विवाह भन्दछौ ।*


***३ कोट म्यारिज***

*यस किसिमको विवाहमा केटाकेटी मनपरापर भई जिल्ला प्रशासन कार्यालयमा उपस्थित भएर विवाह दर्ता ऐन २०२८ अनुसार विवाह गर्न राजीखुसी छौ भनी निवेदन दिने गरिन्छ र सोको जाचपडताल गरी जिल्ला प्रशासन कार्यालयले कानूनी रुपमा विवाह भएको दर्ता प्रमाण पत्र दिने गर्दछ यसलाई कोट म्यारिज भनिन्छ । यो नितान्त कानूनी प्रकृयाबाट गरिने विवाह हो ।*

***४ अन्य***


*यी माथी उल्लेखित विवाहको किसिम बाहेक अन्य कुनै फरक किसिमको विवाह भएको भए यस अन्तर्गत पर्दछ ।*

माथि उल्लिखित विवाहको किसिम मध्ये मागी सामाजिक परम्परागत विवाह, प्रेम विवाह, कोट म्यारिज कुन हो सोधी उपयुक्त Option छान्नु पर्दछ । यी बाहेक अरु कुनै किसिमबाट विवाह भएको भए अन्य Option छान्नु पर्दछ ।





(७) **पति/पत्नीको नागरिकता**

यस महलमा सम्बन्ध विच्छेद गर्ने व्यक्तिको पति वा पत्नी स्वदेशी वा विदेशी कुन हो जान्न खोजिएको छ । यदि, सम्बन्ध विच्छेदकर्ता पुरुष भए निजको श्रीमति कुन देशको हो सोधी स्वदेशी भए स्वदेशी र विदेशी भए विदेशी Option छान्नु पर्दछ । यसरी नै सम्बन्ध विच्छेदकर्ता स्त्री भए निजको श्रीमान कुन देशको हो सोधी स्वदेशी भए स्वदेशी र विदेशी भए विदेशी Option छान्नु पर्दछ ।





(८) **सम्बन्ध विच्छेद भएको साल**

यस महलमा कानूनीरुपले सम्बन्ध विच्छेद भएको साल छान्नु पर्दछ । यहाँ, कानूनीरुपले सम्बन्ध विच्छेद भएको साल भन्नाले अदालतले निर्णय गरेको साललाई मान्नु पर्दछ । सम्बन्ध विच्छेद भएको साल २०७०, २०७१ वा २०७२ मध्ये कुन हो सोधी उपयुक्त Option छान्नु पर्दछ । *सन्दर्भ अवधिभन्दा अगाडी वा पछाडी सम्बन्ध विच्छेद भएका परिवारको विवरण यस महलमा उल्लेख गर्नुहुदैन ।*





(९) **सम्बन्ध विच्छेदको कारण**

सम्बन्ध विच्छेद विभिन्न कारणले हुनसक्दछ । बक्समा उल्लिखित कारणहरु: आपसमा मेल नभएर, शारीरिक विकृती, दाइजो, दीर्घ रोगी, दुर्व्यसनी, जबरजस्ती बिवाह, सन्तान नभएर, बिदेशमा बसोबास गरेको, आपसी सल्लाह मध्ये कुन मुख्य कारणले गर्दा सम्बन्ध विच्छेद भएको सोधी उपयुक्त Option छान्नु पर्दछ । माथिको बाहेक अरु कुनै कारण भए अन्य Option छान्नु पर्दछ ।





(१०) **सम्बन्ध विच्छेदपश्चात दर्ता गर्नु भएको छ ?**

यस महलमा परिवारका सदस्यको सम्बन्ध विच्छेद भएपश्चात लिखितरुपमा स्थानिय पञ्जिकाधिकारी समक्ष दर्ता गरे नगरेको जान्न खोजिएको छ । यदि सम्बन्धित सदस्यले दर्ता गरेको भए गरेको, नगरेको भए नगरेको Option छान्नु पर्दछ ।





(११) **सम्बन्ध विच्छेद पश्चात दर्ता गरेको समय अवधि**

यो महल सम्बन्ध विच्छेद भएपश्चात लिखितरुपमा स्थानिय पञ्जिकाधिकारी समक्ष दर्ता गर्ने सम्बन्ध विच्छेद कर्ताहरुलाई मात्र सोधिन्छ । अदालती निर्णय अनुसार सम्बन्ध विच्छेद भएको ३५ दिन भित्रै स्थानिय पञ्जिकाधिकारीबाट दर्ता प्रमाण पत्र लिएको भए १ र सो भन्दा पछि लिएको भए कति महिना पछि लिएको हो सोधी महिना लेख्नुपर्दछ । उदाहरणको लागि यदि स्थानिय पञ्जिकाधिकारी सम्बन्ध विच्छेद भएको प्रमाणपत्र तीन महिनापछि लिएको हो भने ३ लेख्नु पर्दछ ।




**(१२) दर्ता गरेको मूख्य कारण**

यस प्रश्न सम्बन्ध विच्छेद भई स्थानिय पञ्जिकाधिकारीबाट दर्ता गरेकाहरुलाई मात्र सोधिन्छ । दर्ता गर्नुका विभिन्न कारणहरु हुनसक्दछ । उक्त व्यक्तिले सम्बन्ध बिच्छेदलाई कानुनी रुप दिन, अन्य कानुनी प्रकियाको लागि आवश्यक परेकोले, दर्ता प्रकिया सजिलो भएकोले, समयमै (३५ दिन भित्र) दर्ता निशुल्क हुन्छ भन्ने थाहा भएकोले, दर्ता गर्ने स्थान नजिक भएकोले, संचारको माध्यमबाट दर्ता सम्बन्धि जानकारी दिइएकोले, गा.बि.स.सचिव/स्थानीय पञ्जिकाधिकारीले भनेकोले, छिमेकिले दर्ता गर्नु पर्छ भनेकोले मध्ये मुख्य कुन कारणले हो सोधी उपयुक्त Option छान्नु पर्दछ । यदि माथिका कारण बाहेका अरु कुनै कारण भएमा अन्य Option छान्नु पर्दछ ।





**(१३) दर्ता नगरेको मुख्य कारण**

कतिपय अवस्थामा सम्बन्ध विच्छेद भइसके पश्चात पनि स्थानिय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता नगरेको हुनसक्दछ यस्तो अवस्थामा के कति कारणले दर्ता नगरेको हो सोको कारण बुझ्न खोजिएको हो । दर्ता नगर्नुको मुख्य कारण आवश्यक नपरेकोले, अदालतको फैसला भएर पनि पुन: दर्ता गर्नु पर्ने जानकारी नभएर, बढि पैसा तिर्नुपर्ने भएकोले, आवश्यक कागजात (नागरीकता, सिफारीस आदि) नभएकोले, स्थानीय पञ्जिकाधिकारीको कार्यालय टाढा भएकोले, स्थानीय पञ्जिकाधिकारी नभेटिएकोले, दर्ता जहिले गरे पनि हुने भएकोले, दर्ता गर्नुपर्ने भन्ने जानकारी नभएकोले, ३५ दिन पछि पनि दर्ता गर्न सकिन्छ भन्ने जानकारी नभएकोले, दर्ता जहिले गरे पनि हुने भएकोले मध्ये कुन हो सोधी उपयुक्त Option छान्नुपर्दछ । माथि उल्लिखित Option बाहेकका अरु कुनै कारणले भए अन्य Option छान्नुपर्दछ ।




## (१४) दर्ता गर्ने सोच


यो महलमा सम्बन्ध विच्छेदले हालसम्म दर्ता नगरेको भएता पनि निकट भविष्यमा दर्ता गर्ने सोच विचार गरेनगरेको सोधी दर्ता गर्ने सोच भएको जवाफ आएमा भएको र दर्ता गर्ने सोच नभएको जवाफ आएमा नभएको Option छान्नु पर्दछ ।



# ९. धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी विवरण

**९.१ सन्दर्भ अवधिमा यस परिवारले कति संख्यामा धर्मपुत्र/धर्मपुत्री वरण गर्नु थियो ?**

यस महलमा विगत तीन वर्षभित्र परिवारले वरण गरेको धर्मपुत्र/धर्मपुत्रीको जम्मा संख्या सोधी लेख्नुपर्दछ ।




**९.२ धर्मपुत्र/धर्मपुत्री सम्बन्धी विवरण (सन्दर्भ अवधिमा)**

यहाँ वरण गरिएका धर्मपुत्र/धर्मपुत्री सम्बन्धि विस्तृत विवरण लिन खोजिएको छ ।

**(१) क्रमसंख्या**

यहाँ क्रमसंख्या भन्नाले वरण गरिएका धर्मपुत्र/धर्मपुत्रीहरुको क्रमसंख्या लाई बुझाउँदछ । यदि परवारले एक भन्दा बढी धर्मपुत्र/धर्मपुत्री वरण गरेको भएमा ९.१ मा उल्लेखित जम्मा संख्या अनुसार स्वत सोही संख्यामा हरफहरु आफै Display हुन्छ र सोही अनुसार विवरण भर्दै जानु पर्दछ ।


**(२) लिङ्ग**

यस महलमा महल २ मा उल्लेख भएका धर्मपुत्र/धर्मपुत्रीहरुको लिङ्गके हो सोधी पुरुष भए पुरुष र स्त्री भए स्त्री Option छान्नु पर्दछ ।





**(३) उमेर**

यस महलमा वरण गरिएका धर्मपुत्र/धर्मपुत्रीहरुको गणनाको दिनमा पूरा भएको उमेर उल्लेख गर्नुपर्दछ । उमेर उल्लेख गर्दा पूरा भएको वर्ष मात्र लेख्नुपर्दछ । उदाहरणको लागि धर्मपुत्र/धर्मपुत्रीको उमेर गणनाको दिनमा २ वर्ष ११ महिनाको छ भने उस्को उमेर २ वर्ष मात्र लेख्नुपर्दछ । यहाँ धर्मपुत्र/धर्मपुत्री वरण गर्दाको उमेर खोजिएको होइन गणनाको दिनमा धर्मपुत्र/धर्मपुत्रीहरुको पूरा भएको उमेर लिन खोजिएको हो ।




**(४) शैक्षिक स्थिती**

यस महलमा पाँच वर्ष वा सोभन्दा वढी उमेरका वरण गरिएका धर्मपुत्र/धर्मपुत्रीहरुले पूरा/हासिल गरेको माथिल्लो शैक्षिक योग्यताको तह सोधी सोही अनुसारको तह वा कक्षा Option हरुबाट छान्नुपर्दछ ।





**(६) धर्मपुत्र/धर्मपुत्री वरण गरेको साल**

यस महलमा सन्दर्भ वर्षभित्र कुन सालमा धर्मपुत्र/धर्मपुत्री वरण गरेको हो सोधी उपयुक्त Option छान्नु पर्दछ ।





**(७) धर्मपुत्र/धर्मपुत्री वरण गर्नुको कारण**

परिवारले धर्मपुत्र/धर्मपुत्री वरण गर्नुका विभिन्न कारणहरु हुनसक्दछ । उक्त परिवारले सन्तान नभएर, छोरा नभएर छोरी वा छोरी नभएर छोरा, बालकको लालनपालन गर्ने व्यक्ति नभएर, सम्पत्तिको उत्तराधिकारी तथा बंश चलाउनका लागि मध्ये कुन मुख्य कारणले धर्मपुत्र/धर्मपुत्री वरण गरेको हो सोधी उपयुक्त Option छान्नुपर्दछ । माथिका बाहेक अरु कुनै कारणले भए अन्य Option छान्नुपर्दछ ।





**(८) धर्मपुत्र/धर्मपुत्री कहाँबाट वरण गर्नुभयो ?**

यस प्रश्नबाट परिवारले धर्मपुत्र/धर्मपुत्री प्राप्त गर्ने स्थान बारे जान्न खोजिएको छ । यदि परिवारले धर्मपुत्र/धर्मपुत्री वरण गरेको स्थान नातेदारको घर, अस्पताल, बाल गृह/बाल मन्दिर, बेवारिसे फेला पारेको मध्ये कुन हो सोधी उपयुक्त Option छान्नु पर्दछ । यी बाहेक अरु कुनै स्थानबाट भए अन्य Option छान्नु पर्दछ ।





**(९) कानूनीरुपमा प्रमाणित गरेको/नगरेको वरण गरिएको**

यस प्रश्नबाट परिवारले बरण गरेको धर्मपुत्र/धर्मपुत्रीको कानूनीरुपमा प्रमाणित गरेको वा नगरेको अवस्था के हो सोधी उपयुक्त Option छान्नु पर्दछ ।





**(१०) प्रमाणित गरेको निकाय**

सामन्यतया जिल्ला प्रशासन कार्यालय र मालपोत कार्यालयलाई धर्मपुत्र/धर्मपुत्रीको वरण कानूनीरुपमा प्रमाणित गर्ने अनुमति प्राप्त हुन्छ । अतः कुनै परिवारले धर्मपुत्र/धर्मपुत्री जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय मध्ये कहाँबाट कानूनीरुपमा प्रमाणित गरेको हो सोधी उपयुक्त Option छान्नु पर्दछ । यी बाहेक अरु कुनै स्थानबाट प्रमाणित गरेको भए अन्य Option छान्नु पर्दछ ।





**(११) प्रमाणित गरेको समय अवधि**

यस महलमा कुनै परिवारले धर्मपुत्र/धर्मपुत्री वरण गरेको समय र सोको कानूनीरुपमा प्रमाणित गरेको समयवीचको अवधी जान्न खोजिएको छ । यदि परिवारले धर्मपुत्र/धर्मपुत्री वरण गरी ३५ दिन भित्र कानूनीरुपमा प्रमाणित गरेको भए <u>३५ दिन भित्र</u> भन्ने Option छान्नु पर्दछ । यदि परिवारले धर्मपुत्र/धर्मपुत्री वरण गरी ३५ दिन पछि प्रमाणित गरेको भएमा कति अवधिपछि प्रमाणित गरेको हो सोधी महिनामा लेख्नुपर्दछ ।





**(१२) प्रमाणित गरेको मुख्य कारण**

परिवारले धर्मपुत्र/धर्मपुत्री वरण गरी कानूनीरुपमा प्रमाणित गर्नुका विभिन्न कारणहरु हुन सक्दछन । परिवारले कानूनीरुपमा प्रमाणित कानुनीरुप दिनको लागि, अन्य कानुनी प्रयोजनको लागि आवश्यक परेकोले, दर्ता प्रक्रिया सजिलो भएकोले, समयमै दर्ता गर्नुपर्दछ भन्ने थाहा भएकोले, दर्ता गर्ने स्थान नजिक भएकोले, संचारको माध्यमबाट दर्तासम्बन्धी जानकारी दिइएकोले, छिमेकीले दर्ता गर्नुपर्छ भनेकोले मध्ये मुख्य कुन प्रयोजनको लागि गरेको हो सोधी उपयुक्त Option छान्नु पर्दछ । यी बाहेक अरु कुनै प्रयोजनको लागि प्रमाणित गरेको भए <u>अन्य</u> Option छान्नु पर्दछ ।





(१३) **प्रमाणित नगरेको मुख्य कारण**

कुनै परिवारले वरण गरिएका धर्मपुत्र/धर्मपुत्रीहरु कानूनीरुपमा प्रमाणित गरेको नहुन सक्दछ अत यसरी वरण गरिएका धर्मपुत्र/धर्मपुत्रीहरुको प्रमाणित आवश्यक नपरेकोले, आवश्यक कागजात ( नागरीकता, सिफारिस आदि) नभएकोले, अरुले थाहा पाउला भनेर, पैसा तिर्नुपर्ने भएर, दर्ता गर्ने कार्यालय टाढा भएकोले, दर्ता गर्नुपर्ने भन्ने जानकारी नभएकोले मध्ये मुख्य कुन कारणले नगरेको हो सोधी उपयुक्त Option छान्नु पर्दछ । यी बाहेक अरु कुनै प्रयोजनको लागि प्रमाणित गरेको भए अन्य Option छान्नु पर्दछ ।




### (१४) प्रमाणित गर्ने सोच

गणनाको दिनसम्म पनि कुनै परिवारबाट वरण गरिएका धर्मपुत्र/धर्मपुत्रीको कानूनीरुपमा प्रमाणित नगरिएको पाइएमा आगामी दिनमा उक्त परिवारबाट वरणगरिएका धर्मपुत्र/धर्मपुत्रीको कानूनीरुपमा प्रमाणित गर्ने सोच भएको वा नभएको बारेमा सोधी उपयुक्त Option छान्नु पर्दछ ।




### (१५) जन्मदर्ता भएको/नभएको


यस महलबाट गणनाको दिनसम्म वरण गरिएका धर्मपुत्र/धर्मपुत्रीको जन्मदर्ता भएको वा नभएको अवस्था जान्न खोजिएको छ । यदि धर्मपुत्र/धर्मपुत्रीको जन्मदर्ता भएको भए भएको Option र नभएको भए नभएको Option छान्नुपर्दछ ।



# १०. विविध

**१०.१ तपाइको विचारमा व्यक्तिगत घटनालाई सजिलो संग दर्ता गर्न के गर्नुपर्दछ ?**

अन्त्यमा, व्यक्तिगत घटना दर्ता प्रकृयालाई सहजबनाउन के गर्नुपर्ला भनी उत्तरदाताको विचार बुझ्न खोजिएको छ। यदि उत्तरदाताले घटना घटेकै स्थानमा दर्ता गर्ने व्यवस्था गरेर, वडा वडामा दर्ता गर्ने घुम्ती टोलीको व्यवस्था गरेर, अनलाइन दर्ताको व्यवस्था गरेर, गाविस सचिव/नपा वडा सचिव वाहेक अन्य कर्मचारीलाई घटना दर्ता गर्ने जिम्मेवारी तोकेर भन्ने Option हरु मध्ये कुनै एक Option मात्र भनेमा एउटामा मात्र वा एकभन्दा बढि Option भनेमा बढिमा दुई वटा Option कुन हो सोधी उपयुक्त Option छान्नुपर्दछ। यी बाहेक अरु कुनै सुझाव दिएमा अन्य Option छान्नुपर्दछ।



## अनुसूची १

| शैक्षिक योग्यताको कोड | |
|---|---|
| १ | कक्षा १ |
| २ | कक्षा २ |
| ३ | कक्षा ३ |
| ४ | कक्षा ४ |
| ५ | कक्षा ५ |
| ६ | कक्षा ६ |
| ७ | कक्षा ७ |
| ८ | कक्षा ८ |
| ९ | कक्षा ९ |
| १० | कक्षा १० |
| ११ | एस. एल. सी. |
| १२ | कक्षा १२/प्रमाणपत्र तह |
| १३ | स्नातक तह |
| १४ | स्नातकोत्तर तह |
| १५ | प्राज्ञिक उपाधि |
| १६ | साक्षर (अनौपचारिक शिक्षा) |
| १७ | निरक्षर |

## अनुसूची २

| पेशा/कामको कोड | |
|---|---|
| ० | सशस्त्र सैनिक र प्रहरी बल |
| १ | प्रबन्धक, कार्यकारी तथा विधायकहरू |
| २ | विशेषज्ञ-पेशाविद्हरू |
| ३ | प्राविधिज्ञ र सहायक पेशाविद्हरू |
| ४ | कार्यालय सहायकहरू |
| ५ | सेवा, हेरचाह तथा बिक्रीको काम गर्ने कामदारहरू |
| ६ | कृषि, वन तथा मत्स्यपालनमा संलग्न दक्ष कामदारहरू |
| ७ | कर्मी र व्यापारमा संलग्न कामदारहरू |
| ८ | कारखाना र मेशिन संचालक एवं संयोजकहरू |
| ९ | प्रारम्भिक पेशाका अदक्ष श्रमिकहरू |
| १० | घरधन्दा |
| ११ | विद्यार्थी |
| १२ | कुनै काम नगरेको |

# अनुसूची ३

**जात/जातिको कोड**

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | १८ | कोइरी/कुशवाहा | ३५ | राजवंशी | ५२ | सतार/सन्थाल | ६९ | थकाली | ८६ | पंजाबी/सिख | १०३ | धन्कार/धरिकार | १२० | ल्होपा |
| २ | ब्राह्मण-पहाडी | १९ | कुर्मी | ३६ | सुनुवार | ५३ | झाँगड/धागर | ७० | चिडिमार | ८७ | किसान | १०४ | कुलुङ | १२१ | देव |
| ३ | मगर | २० | सन्यासी/दशनामी | ३७ | सुढी | ५४ | बाँतर/सरदार | ७१ | पहरी | ८८ | राजी | १०५ | घले | १२२ | साङपाङ |
| ४ | थारु | २१ | धानुक | ३८ | लोहार | ५५ | बरई | ७२ | माली | ८९ | व्यासी/सौका | १०६ | खवास | १२३ | खालीङ |
| ५ | तामाङ | २२ | मुसहर | ३९ | तत्मा/तत्वा | ५६ | कहर | ७३ | बंगाली | ९० | हायु | १०७ | राजधोब | १२४ | तोप्केगोला |
| ६ | नेवार | २३ | दुसाध/पासवान/पासी | ४० | खत्वे | ५७ | गनगाई | ७४ | छन्त्याल | ९१ | कोचे | १०८ | कोरी | १२५ | लोहोरुङ |
| ७ | मुसलमान | २४ | शेर्पा | ४१ | धोवी | ५८ | लोध | ७५ | डोम | ९२ | धुनीया | १०९ | नाछिरिङ | १२६ | अन्य दलित |
| ८ | कामी | २५ | सोनार | ४२ | माझी | ५९ | राजभर | ७६ | कमर | ९३ | वालुङ | ११० | याम्फु | १२७ | अन्य |
| ९ | यादव | २६ | केवट | ४३ | नुनीया | ६० | थामी | ७७ | बोटे | ९४ | मुण्डा | १११ | चाम्लिङ | | |
| १० | राई | २७ | ब्राम्हण-तराइ | ४४ | कम्हार | ६१ | धिमाल | ७८ | ब्रम्हु/बरामो | ९५ | राउटे | ११२ | आठपहरिया | | |
| ११ | गुरुङ | २८ | कथवनीया | ४५ | दनुवार | ६२ | भोटे | ७९ | गाइने | ९६ | ह्योल्मो | ११३ | सरवरिया | | |
| १२ | दमाइ/ढोली | २९ | घर्ती/भुजेल | ४६ | चेपाङ/प्रजा | ६३ | बिन | ८० | जिरेल | ९७ | पथरकट्टा/कुशवाडिया | ११४ | बान्तवा | | |
| १३ | लिम्बु | ३० | मल्लाह | ४७ | हलुवाइ | ६४ | गढेरी/भेडियार | ८१ | दुरा | ९८ | कुसुन्डा | ११५ | डोल्पो | | |
| १४ | ठकुरी | ३१ | कलवार | ४८ | राजपुत | ६५ | नुराङ | ८२ | बादी | ९९ | ल्होमी | ११६ | अमात | | |
| १५ | सार्की | ३२ | कुमाल | ४९ | कायस्थ | ६६ | याक्खा | ८३ | मेचे | १०० | कलार | ११७ | थुलुङ | | |
| १६ | तेली | ३३ | हजाम/ठाकुर | ५० | बढई | ६७ | दराइ | ८४ | लेप्चा | १०१ | नटुवा | ११८ | मेवाहाङ वाला | | |
| १७ | चमार/हरिजन/राम | ३४ | कानु | ५१ | मारवाडी | ६८ | ताजपुरीया | ८५ | हलखोर | १०२ | ढाँडी | ११९ | बाहिङ | | |